# सहकारी संघ/संस्था दर्ता, संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७७

(मन्त्रालयबाट स्वीकृत मितिः २०७७/०५/२९)

**प्रस्तावनाः** प्रचलित सहकारी सम्बन्धी कानून र सहकारीको अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तहरुको अनुसरण गर्दै देशको आर्थिक विकासमा सरकार तथा निजी क्षेत्र सरहको भूमिका निर्वाह गर्न सक्षम बन्न सकुन् भन्ने उद्देश्यले सहकारी संघ/संस्थाले गर्ने वित्तीय कारोवारको नियमन कार्य प्रभावकारी बनाउन र सहकारी संघ संस्थाहरुको दर्ता तथा संचालन सम्वन्धी कार्यलाई व्यवस्थित गर्न प्रदेश सहकारी ऐन, २०७६ को दफा १२८ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "सहकारी संघ /संस्था दर्ता, संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७७" रहेको छ ।

(२) यो मापदण्ड सवत् २०७७ असोज १ गते देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "एकाघर परिवार" भन्नाले छुट्टी भिन्न नभै एक घर परिवारमा बसेका बाबु, आमा, दाजु, भाई, दिदी, वहिनि, पति, पत्नि, छोरा, वुहारी, धर्म पुत्र, धर्म पुत्रिलाई जनाउनेछ । सो शव्दले सदस्यले पालन पोषण गर्नुपर्ने वा निजमा आश्रित व्यक्ति समेतलाई जनाउनेछ ।

(ख) "ऐन" भन्नाले प्रदेश सहकारी ऐन, २०७६ लाई सम्झनु पर्छ ।

(ग) "कार्यक्षेत्र" भन्नाले सहकारी संस्था वा संघलाई सदस्यता विस्तार र कारोवार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ ।

(घ) "निर्देशिका" भन्नाले सहकारी संस्था वा संघको वचत तथा ऋण परिचालन निर्देशिका वा यस अघि प्रयोगमा ल्याइएको बचत तथा ऋण परिचालन नीतिलाई समेत जनाउनेछ ।

(ङ) "नियमावली" भन्नाले प्रदेश सहकारी नियमावली, २०७६ लाई सम्झनु पर्छ ।

(च) "निक्षेप" भन्नाले व्याज दिने गरी वा नगरी सहकारी संस्था वा संघमा सदस्यहरुले नियमित वा आवधिक वा ऐच्छिक रुपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई जनाउनेछ । यस शब्दले सदस्यहरुका नावालिक बालबालिकाको नाममा नियमित जम्मा हुने बचत रकमलाई समेतलाई जनाउनेछ ।

(छ) "प्राथमिक पूँजि कोष" भन्नाले संस्था/संघको शेयर पूँजि र जगेडा कोष रकमलाई जनाउनेछ ।

(ज) “पुँजी कोष” भन्नाले सहकारी संस्था वा संघको प्राथमिक पुँजी र पूरक पुँजीको योग सम्झनु पर्छ र सो शब्दले विभागले समय समयमा पूँजि कोष भनी तोकेको अन्य कोष समेतलाई जनाउनेछ ।

(झ) “पुरक पूँजि कोष” भन्नाले संस्था/संघको अन्य कोष मध्ये सहकारी विकास कोष, घाटा पूर्ति कोष, डुवन्त ऋण कोष, कर्जा जोखिम कोष, स्थीरिकरण कोष तथा बाँडफाँड नगरेको मुनाफालाई जनाउनेछ ।

(ञ) “मन्त्रालय” भन्नाले बागमती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ ।

(ट) “मापदण्ड” भन्नाले सहकारी संघ संस्था दर्ता, संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७७ लाई जनाउनेछ ।

(ठ) “रजिष्ट्रार” भन्नाले ऐनको दफा ७३ बमोजिम रजिष्ट्रारको पदमा कार्य गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ड) “लक्षित समुदाय” भन्नाले मानव विकास सूचकांकमा पछि रहेका महिला, दलित, मुस्लिम, जनजाति, शारिरिक रुपमा कम सक्षम, भूमिहिन किसान, सुकुम्बासी, मजदुर, दुर्गम क्षेत्रका बासिन्दाहरु र गरिबीको रेखामुनी रहेका अन्य समुदायलाई समेत जनाउनेछ।

(ढ) “विनियम” भन्नाले सम्वन्धित सहकारी संस्था वा संघको विनियमलाई जनाउनेछ ।

(ण) “विभाग” भन्नाले प्रदेश सहकारी विभागलाई सम्झनु पर्छ ।

(त) “शेयर पुँजी” भन्नाले सहकारी संस्था वा संघको चुक्ता शेयर पूँजिलाई जनाउनेछ ।

(थ) “संघ” भन्नाले सहकारी संस्थाहरुको छाता संगठनहरु जिल्ला विषयगत सहकारी संघहरु, जिल्ला सहकारी संघहरु, प्रदेश विषयगतसहकारी संघहरु, प्रदेश सहकारी संघ तथा सो शब्दले विशिष्टीकृत सहकारी संघ समेतलाई जनाउनेछ ।

(द) “संस्था” भन्नाले प्रारम्भिक सहकारी संस्थालाई जनाउनेछ ।

(ध) “सदस्य” भन्नाले सहकारी संस्था वा संघको विनियम बमोजिम शेयर खरीद गरी सदस्यता प्राप्त गरेको प्राकृतिक र कानूनी व्यक्तिलाई जनाउनेछ ।

(न) “समिति” भन्नाले सहकारी संस्था वा संघको संचालक समितिलाई जनाउनेछ ।

(प) “साधारण सभा” भन्नाले सहकारी संस्था वा संघको नियमित वार्षिक साधारण सभालाई जनाउनेछ ।

## परिच्छेद - २

## दर्ता तथा संचालन सम्वन्धी मापदण्डहरु

३. **संस्था दर्ता गर्ने आधार** : सहकारी संस्था दर्ता गर्दा निम्न आधारमा गरिनेछ :-

**(क) बसोवासको आधार** : बसोबासको आधारमा संस्था दर्ता गर्न संयुक्त रुपमा आवेदन गर्ने अलग अलग परिवारका कम्तिमा ३० जना वा महानगरपालिका तथा उपमहानगरपालिकाको क्षेत्रमा वचत तथा ऋणको कारोवार गर्ने संस्थाको हकमा १०० जना वा सिप र श्रममा आधारित

व्यवसाय गर्ने यूवा तथा श्रमिकको हकमा १५ जना प्राकृतिक व्यक्तिहरुको निम्नानुसारका कागजातहरु पेश गरी मापदण्डहरु पूरा गर्नु पर्नेछ :-

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(२) हालसालै खिचिएको पासपोर्ट साइजको एक एक प्रति फोटो,

(३) कार्यक्षेत्रभित्र बसोवास गरेको तर प्रस्तावित संस्थाको कार्यक्षेत्र बाहिरको नागरिकता भएको आवेदकहरुको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिको साथमा कार्य क्षेत्रभित्र बसोवास गरेको व्यहोरा प्रमाणित हुने देहायको मध्ये कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि :-

(अ) परिवार सहितको बसाइसराइ गरी आएको भए सोको प्रमाण पत्र,

(आ) वैवाहिक सम्बन्धका आधारमा बसाई सर्नु परेको भए विवाह दर्ताको प्रमाणपत्र र नाता प्रमाणित,

(इ) घर भएको प्रमाणित गर्न जग्गाधनी पुर्जाको प्रतिलिपि र हालसालै विद्युत वा पानीको महसुल तिरेको बिल र तिरो तिरेको रसिद,

(ई) विगत दुई वर्ष देखि सम्बन्धित कार्य क्षेत्रमा व्यवसाय गरी बसेको प्रमाणित हुने नविकरण सहितको व्यवसाय इजाजत प्रमाणपत्र र कर तिरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु,

(उ) कर्मचारीको हकमा स्थायी नियुक्ति पत्र, हाल कार्यरत विभाग वा निकाय खुल्ने प्रमाण र सम्बन्धित कार्य क्षेत्रमा वहालमा बसोबास गरेको व्यहोरा प्रमाणित हुने स्थानिय तहले गरेको बढीमा १ महिना भित्रको सिफारिश,

(ऊ) आमा बाबु श्रीमान श्रीमति र छोरा छोरी बाहेक अन्यको हकमा एकाघर सगोलमा रहेको नाता समेत खुल्ने स्थानिय तहको सिफारिस ।

(४) बसोबासका आधारमा संस्था दर्ताको लागि आवेदन गर्ने व्यक्तिहरु मध्ये कम्तिमा ९० प्रतिशत आबेदकहरुको स्थायी बसोबास प्रस्तावित संस्थाको कार्यक्षेत्र भित्र हुनु पर्नेछ । यो अनुपात संस्थाले सधैं कायम राख्नु पर्नेछ,

(५) यो मापदण्ड जारी हुनु भन्दा अघि निजी कम्पनी वा गैर सरकारी संस्थामा आवद्ध व्यक्तिहरु मात्र सदस्य हुन पाउने गरी दर्ता भएका सहकारी संस्थाहरु निश्चित भौगोलिक क्षेत्र कायम गरी सदस्यहरुको बसोवासको आधारमा संस्थाको कार्यक्षेत्र परिमार्जन गर्न इच्छुक भएमा साधारण सभाबाट तत्काल कायम रहेका दुई तिहाई सदस्यको बहुमतको स्वीकृतिमा यो मापदण्ड जारी भएको १ बर्ष भित्र खण्ड (क) को उपखण्ड (१), (२) र (३) मा उल्लेखित कागजातहरु सहित कार्यक्षेत्र परिवर्तनका लागि विभागमा निवेदन पेश गर्ने गरी एक पटकलाई कार्यक्षेत्र परिमार्जन तथा दर्ताको आधार परिवर्तन गर्न अवसर दिइनेछ,

(६) उपखण्ड (५) बमोजिम कार्यक्षेत्र र दर्ताको आधार परिवर्तन गर्नु पूर्व रजिष्ट्रारको स्वीकृति लिनु पर्नेछ,

(७) बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता हुन आएका सहकारी संस्थाले महानगरपालिका वा उपमहानगरपालिकाको हकमा कुनै एक एक वडामा तथा नगरपालिकाको हकमा एउटा नगरपालिकामा कार्य गर्ने गरी दर्ता गर्नु पर्नेछ ।

**(ख) पेशा र पेशागत संगठनको आधार :**

(१) कम्तिमा १०० जना एउटै पेशा वा पेशागत संगठनका व्यक्तिहरु मिलि प्रारम्भिक सहकारी संस्था दर्ता गर्न सक्नेछन् । यस आधारमा संस्था दर्ता गर्नका लागि पेशा वा पेशागत संगठन खुल्ने प्रमाणहरु समेत पेश गर्नु पर्नेछ । यस्ता संस्थाको कार्य क्षेत्र सदस्यहरुको प्रकृति अनुसार सम्बन्धित निकायको परिसर वा आवेदक सदस्यहरुको ठेगानाका आधारमा बढीमा जिल्लाभर सम्म कायम गर्न सकिनेछ ।

(२) कानून बमोजिम गठित एउटा पेशागत संगठन अन्तर्गत एक भन्दा बढी संस्थाको दर्ता गरिने छैन । सम्बन्धित पेशागत संगठनको आधिकारिक सहमतिमा मात्र पेशागत संगठनको आधारमा संस्था दर्ता गर्न सकिनेछ ।

**(ग) संस्थागत आधार :** सरकारी निकायमा कार्यरत कर्मचारीहरु; नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका पूर्ण, अर्ध वा आंशिक स्वामित्व भएका सरकारी संस्थान वा प्राधिकरणका कर्मचारीहरु सार्वजनिक, सहकारी र निजी कलकारखानामा कार्यरत मजदूरहरु; शैक्षिक संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीहरु; अस्पतालमा कार्यरत कर्मचारीहरु; शहरमा आई बसोबास गरेका कुनै भौगोलिक क्षेत्रका समाजमा संगठित रहेका व्यक्तिहरु मात्र सदस्य हुन सक्ने आधारमा निर्दिष्ट भौगोलिक क्षेत्र वा विभागको परिसर भित्र मात्र कार्यक्षेत्र रहने गरी  आफ्ना सदस्यहरु माझ बचत तथा ऋणको कारोवार, सदस्यहरुको सामूहिक हित प्रबर्द्धनका लागि सामाजिक कामहरु र सांस्कृतिक क्रियाकलापहरु संचालन गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम आफ्नो पेशागत संगठनका आधारमा सहकारी संस्था दर्ता गर्न सकिनेछ ।

तर औद्योगिक क्षेत्र परिसर भित्रका बहुसंख्यक मजदूरहरुको सदस्यता रहने गरी दर्ता गरिने सहकारी संस्थालाई बचत तथा ऋण, पसल, शिशु स्याहार केन्द्र, स्वास्थ्य क्लिनिक, वाचनालय, जस्ता परिसर भित्र संचालन गर्न सकिने बहुमुखी काम गर्न पाउने गरी उद्देश्यहरु राख्न दिइनेछ ।

यस आधारमा दर्ता हुने सहकारी संस्थाका आवेदक सदस्यले आवेदन गर्दा दरखास्तका साथ देहायका विवरण पेश गर्नु पर्नेछ :-

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १।१ प्रति,

(३) सम्वन्धित निकायको सदस्यता वा नियुक्तिको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(४) सम्बन्धित निकायको स्वीकृति ।

४. **बहुउद्देश्यीय सहकारी संस्था दर्ता तथा उद्देश्य परिवर्तन सम्बन्धी मापदण्ड :** (१) विपन्न वर्ग र समुदायका व्यक्तिहरुको समूह, स्थानीय तहका वहुसंख्यक घर धुरी समेटी निर्माण गरिएको टोल विकास संगठनहरुमा आबद्ध हुने व्यक्तिहरुले स्थापना गर्ने संस्थाको हकमा यो उपदफा लागु हुने छैन। यस्ता संस्थाहरुले बचत तथा ऋण परिचालन, पसल, कृषि तथा पशु पालन व्यवसाय, सामुदायिक स्वास्थ्य सेवा, साना तथा घरेलु उद्योग-व्यवसाय, सीप विकास, सामाजिक कामहरु तथा उत्पादनका क्षेत्रमा कार्य गर्ने उद्देश्यहरु राखी बहुउद्देश्यीय संस्था दर्ता गर्न सक्नेछन् । यस्तो संस्था गठन गर्न सम्वन्धित स्थानिय तहले उक्त समूहको गठनको पृष्ठभूमि, उद्देश्य र कार्यहरुको संक्षिप्त ब्यहोरा साथै भावी कार्ययोजना सहित दर्ताका लागि सिफारिस गर्नु पर्नेछ ।

(२) दुई आर्थिक वर्ष अघि देखी संचालनमा आएको संस्थाले दुई भन्दा बढी प्रकृतिको व्यवसाय संचालन गरी रहेको र बहु-व्यवसाय गर्ने उद्देश्य सहित विस्तृत कार्ययोजना, पुँजीको व्यवस्था र संभाव्यता रहेको भन्ने अध्ययन प्रतिवेदनले पुष्टी गरेमा विभागले सम्बन्धित संस्थाले

सहकारीको मूल्य र सिद्धान्तहरुको पालना गरेको, प्रचलित कानुन तथा विभागबाट जारी गरिएका निर्देशनहरु र मापदण्डको पालना गरेको, स्थानियस्तरमा स्तरीय सेवा पुऱ्याएको र ५ सय भन्दा बढी सदस्यहरु भएको आधारमा कुनै संस्थालाई एकल उद्देश्यबाट बहुउद्देश्यीय शब्द प्रयोग गरी प्रकृती परिवर्तनका लागि स्वीकृति दिन सक्नेछ ।

(३) यो मापदण्ड जारी हुन अघि दर्ता भएका बहुउद्देश्यीय सहकारी संस्थाले एक भन्दा वढी विषयको काम गर्नु पर्नेछ अन्यथा कुनै एउटा विषयको मात्र कारोवार गरेको भए जुन विषयको कारोवार गरेको हो सोही विषय जनाउने गरी यो मापदण्ड लागु भएको २ वर्ष भित्र प्रकृती परिवर्तन गर्नु पर्नेछ । तर प्रदेश सहकारी ऐन बमोजिम दर्ता भएका बहुउद्देश्यीय सहकारी संस्थाको हकमा यो व्यवस्था लागु हुने छैन ।

(४) उपदफा (२) र (३) बमोजिम प्रकृती परिवर्तनका लागि साधारण सभाबाट निर्णय गरी विनियम संशोधन सहित स्वीकृतिका लागि पेश गर्नु पर्नेछ । यसरी पेश भएका कागजातको अतिरिक्त विभागले आवश्यकता अनुसार अनुगमन निरिक्षण पश्चात् स्वीकृति प्रदान गर्न सक्नेछ ।

(५) बहुउद्देश्यीय सहकारी संस्था दर्ता गर्दा सुरुमा बढीमा तीनवटा जिल्ला कार्यक्षेत्र राखी दर्ता गर्न सकिनेछ ।

(६) ठूलो कार्यक्षेत्र चाहिने स्वास्थ्य सेवा, संचार, यातायात, विद्युत उत्पादन र वितरण, कृषि उत्पादन, भण्डारण, प्रशोधन र बजारिकरण एवं अन्य उद्योगहरु स्थापना गर्ने सहकारी संस्थाको हकमा पेश गरिएको कार्य योजना र सम्भाव्यताको आधारमा प्रदेशभर कार्यक्षेत्र राखी रजिष्ट्रारले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम कार्यक्षेत्र कायम गरी संस्था दर्ता गर्दा तपशील बमोजिमको मापदण्ड पूरा गर्नु पर्नेछ ।

(क) चुक्ता शेयर पूँजी रु दुई करोड,

(ख) आवेदक सदस्य प्रत्येक जिल्लाबाट कम्तीमा बीस जना,

(ग) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने संस्थाको हकमा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको कागजात,

(८) उपदफा (७) मा जुनसुकै कुरा भएतापनि पाँच जिल्ला सम्म कार्यक्षेत्र कायम हुने गरी उपदफा (६) बमोजिमका संस्थाहरु दर्ता गर्न बाधा पर्ने छैन । यस्ता संस्थाले बचत तथा ऋणको कारोबार गर्न पाउने छैनन् ।

५. **<u>संस्थाको नाम सम्बन्धी मापदण्ड</u> :** (१) संस्थाको नाममा “बैंक”, “फाइनान्स”, “इन्भेष्टमेण्ट”, “डेभलपमेण्ट” तथा “वित्तीय संस्था” वा “कम्पनी” जनाउने शव्दहरु प्रयोग गर्न पाइने छैन । यस अगाडि यस्तो नाम राखी संस्था दर्ता भएको भए संस्थाले यस्तो नाम परिवर्तन गर्नुपर्नेछ ।

(२) संस्था दर्ता गर्दा एक जिल्लाभित्र एउटा नामको एक मात्र संस्था दर्ता गर्न सकिनेछ । जिल्ला फरक परेपनि जोडिएको नगर वा गाँउमा रहेको कुनै पुरानो संस्थासँग मिल्दो नाममा संस्था दर्ता गरिने छैन ।

(३) संस्थाको प्रस्तावित नामका लागि निवेदन सहित अग्रिम स्वीकृति लिनु पर्नेछ । प्रस्तावित नाममा पाँच दिन भित्र विभागले मिल्ने नमिल्ने जानकारी दिनु पर्नेछ । स्वीकृति लिएको पन्ध्र दिन भित्रमा प्रस्तावित नामको संस्था दर्ताका लागि विभागमा निवेदन पेश गरी सक्नुपर्नेछ । सो समयावधि नाघेपछि उक्त नाम अरुले प्रयोग गर्न सक्नेछन् ।

(४) कुनै निकाय वा समूह वा व्यक्तिबाट प्रवर्द्धित भनी उल्लेख गरिएको संस्था दर्ता गरिने छैन । यस्तो शब्दको प्रयोग संस्था संचालनको कुनै पनि चरणमा प्रयोगमा ल्याउन पाइने छैन ।

(५) तोकिएको भौगोलिक कार्यक्षेत्र भन्दा व्यापक कार्य क्षेत्र जनाउने नाम राखी संस्था दर्ता गरिने छैन ।

(६) संचालनमा रहेका अन्य संस्थाहरुको नामको अगाडि वा पछाडि उपसर्ग वा प्रत्यय वा अन्य शव्द जोडी संस्था दर्ता गरिने छैन ।

(७) संस्थाको नाम देवनागरी लिपीमा लेखिने नेपाली भाषा हुनु पर्नेछ । अनुवाद गरी अंग्रेजी र नेपालीमा फरक नाम उल्लेख गर्न पाइने छैन । प्रस्तावित संस्थाको नाम अर्थ खुल्ने गरी कम्तिमा दुइ अक्षरको हुनु पर्नेछ । नामका लागि संक्षिप्त अक्षरको प्रयोग गर्न सकिने छैन । संस्थाको नाममा सहकारी र लिमिटेड शब्दको प्रयोग अनिवार्य हुनेछ ।

६. **संस्थाको नाम परिवर्तनको प्रक्रिया र कार्यविधि** : (१) सामान्य अवस्थामा संस्थाको नाम परिवर्तनका लागि स्वीकृति दिइने छैन ।

(२) उद्देश्य परिवर्तन गर्ने प्रयोजन र कार्यक्षेत्र विस्तारको हकमा विभागले नाम परिवर्तन गर्न स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) नाम परिवर्तनका लागि साधारण सभाको निर्णयले मात्र प्रस्ताव गर्न सकिनेछ ।

(४) ग्रामिण तहमा संचालनमा रहेका कुनै सहकारी संस्थाहरुले कृषि सहकारी जनाउने गरी तथा दफा ४ को उपदफा (२) को अधिनमा रही वहुउद्देश्यीय संस्थालाई एकल उद्देश्यको नाम र उद्देश्य परिवर्तन गर्न चाहेमा प्रश्रय दिइने छ ।

(५)उपदफा (२) बमोजिम नाम परिवर्तन गर्न स्वीकृति दिइएमा निम्नानुसार गर्नु पर्नेछ :-

(क) रु १० करोड भन्दा बढी बचत तथा ऋणको प्रमुख कारोवार गर्ने संस्थाहरुले नाम परिवर्तन भएको कुरा खोली राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक सूचना प्रकाशित गर्नु पर्नेछ । अन्य सहकारी संस्थाहरुले यस्तो सूचना स्थानीय दैनिक पत्रिका वा दैनिक पत्रिका नभए स्थानीय एफ एम रेडियोबाट कम्तिमा दुई पटक प्रशारण गर्नु पर्नेछ ,

(ख) खण्ड (क) बमोजिमको सूचना प्रकाशित गर्दा नाम परिवर्तन भएपछि साविक नामवाट गरिएको कारोवारको जिम्मेवारी नाम परिवर्तन हुने संस्थामै रहने कुरा समेत सूचनामा उल्लेख गर्नु पर्नेछ ।

७. **शेयर पुँजी सम्बन्धी मापदण्ड** : (१) संस्थाले जारी गर्ने कूल शेयरपूँजीको रकम संस्थाको विनियममा उल्लेख गर्नु पर्नेछ ।

(२) संस्था दर्ता गर्न आवेदन गर्दा कूल शेयर पुँजी उल्लेख गर्नु पर्नेछ ।

(३) प्रस्तावित सदस्यहरुले खरीद गरेको शेयर पूँजीको नामनामेसी विवरण तोकिएको ढाँचामा दर्ताको आवेदन साथ पेश गर्नु पर्नेछ ।

(४) संस्था दर्ताको बेला चुक्ता शेयर पूँजीको रकम कूल शेयर पूंजीको कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ ।

(५) तत्काल बस्ने साधारण सभाबाट अनुमोदन गराउने गरी समितिको निर्णयले संघ संस्थाको शेयर पूँजी बृद्धि गर्न सकिनेछ । शेयर पूँजी बृद्धिको निर्णयको जानकारी विभागमा गराउनु पर्नेछ ।

८. **<u>शेयर खरीद र अन्य सहकारीमा लगानी सम्बन्धी मापदण्ड</u>** : (१) बचत तथा ऋणको कारोवार गर्ने एउटा सहकारी संस्थाले सोही प्रकृतिको कारोवार गर्ने अर्को संस्थाको शेयर खरीद गर्न पाउने छैनन् ।

(२)आफू सदस्य रहेको विषयगत संघ वा सहकारी वैंक बाहेक कुनै पनि संस्थाले समानान्तर अर्को प्रारम्भिक संस्थामा बचत निक्षेप जम्मा गर्न पाउने छैन । विषयगत संघ वा सहकारी बैंकमा राखिएको निक्षेप रकमलाई तरलतामा गणना गरिने छ ।

(३) प्रचलित कानून तथा सहकारी ऐन तथा नियमावलीको अधिनमा रही सहकारी संस्थाहरुले साझेदारीमा उद्योग व्यवसायहरु, परियोजन, प्रशोधन कारखाना, आदि संचालन गर्न सक्नेछन् तथा सो जानकारी विभागलाई दिनु पर्नेछ ।

(४) उद्योग व्यवसायको व्यवस्थापनका लागि संचालक समितिले संचालक सदस्यबाट अवधि तोकी प्रतिनिधित्व गराउनु पर्नेछ वा विनियममा व्यवस्था गरी प्रतिनिधि निर्वाचन गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(५) वित्तिय कारोवार वाहेकको उद्देश्यका लागि संस्थाहरुको संयुक्त वा एकल लगानीमा व्यवसाय संचालन गर्ने गरी सहकारी उद्योग वा व्यवसाय दर्ता गर्न सकिनेछ । लगानीको सीमा मापदण्डको दफा ३३ को उपदफा (१) मा तोकिए बमोजिम हुनेछ ।

९. **<u>संचालक र लेखा समिति गठनका शर्तहरु</u>** : (१) एकै परिवारवाट एक भन्दा वढी व्यक्ति एउटै संस्थाको संचालक वा लेखा समितिको कुनै पदका लागि निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।

(२) प्रारम्भिक संस्था तथा विषयगत जिल्ला संघहरुमा कम्तिमा ७ जना, जिल्ला संघमा कम्तिमा ९ जना, प्रदेश विषयगत संघहरुमा कम्तिमा ११ जना तथा प्रदेश संघहरुमा कम्तिमा १३ जना सदस्य भएको संचालक समितिको गठन गर्नु पर्नेछ ।

(३) संस्थाबाट लिएको ऋणको भाखा नाघेको ऋण रकम नबुझाएसम्म र वैंक तथा वित्तिय संस्थाको कालो सूचीमा परेका व्यक्ति संचालक वा लेखा समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

(४) संचालक समितिले आफ्नो पदावधि समाप्त हुनु अगावै नयाँ समितिको लागि निर्वाचन गराउनु पर्नेछ ।

(५) समितिको पदावधि समाप्त भएर पनि निर्वाचन नगराउने संस्था वा संघको विभागले निर्वाचन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यस कार्यमा सम्बन्धित संस्था वा संघको विद्यमान पदाधिकारी, कर्मचारी एवं सदस्यहरुले आवश्यक सहयोग गर्नु पर्नेछ । यस अनुसार हुने निर्वाचनको व्यवस्थापनको जिम्मेवारी र लाग्ने खर्च सम्बन्धित संस्था वा संघले व्यवस्था गर्नु पर्नेछ ।

(६) संस्था वा संघको संचालक वा लेखा समितिमा उम्मेदवार हुने व्यक्तिले अनुसूची - १ बमोजिमको ढाँचाको मनोनयन पत्र निर्वाचन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(७) कुनै व्यक्ति एकै समयमा एकभन्दा बढी सोही प्रकृतिको सहकारी संस्थाको सदस्य र संचालक हुन पाउने छैन ।

(८) कुनै तल्लो तहको सहकारी संघको संचालक माथिल्लो तहको संघमा निर्वाचित भएमा निजको तल्लो तहको सहकारी संघको संचालक पद स्वतः निष्क्रिय हुनेछ ।

(९) संस्थाको विनियममा संचालकको पदमा उम्मेदवार हुन सदस्य सदस्यका वीच विभेद हुने गरी कुनै प्रावधान राख्न पाईने छैन ।

तर यस व्यवस्थाबाट संस्थाको संचालक समितिको दोस्रो कार्यकाल देखी एक कार्यकाल सम्म निरन्तर रुपमा संस्थाको सदस्य रही आर्थिक कारोवारमा संलग्न रहेको व्यक्ति हुनु पर्ने व्यवस्था गर्न तथा पछाडी परेका महिला वा निश्चित समुदायका व्यक्तिहरुको प्रतिनिधित्व सुनिश्चित गर्न विनियममा गरिएको विशेष व्यवस्था अन्तर्गतका पदहरुमा सोही लिंग वा समुदायका व्यक्तिहरुले मात्र तोकिएको पदमा उम्मेदवार वन्न र निर्वाचित हुन वाधा पर्ने छैन ।

(१०) मतदानमा सहभागी हुन पाउने सबैको हक सुरक्षित गर्नु पर्नेछ । एक जिल्ला भन्दा बढी कार्यक्षेत्र भएको वा जिल्ला भित्र पनि क्षेत्रगत आधारमा चार सय भन्दा बढी सदस्य संख्या भएको सहकारी संस्थाहरुले क्षेत्रगत रुपमा संचालक समितिमा प्रतिनिधित्व सुनिश्चित हुने गरी विनियममा नै व्यवस्था मिलाउनु पर्नेछ ।

(११) संघीय मन्त्री, प्रदेश मन्त्री, जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका प्रमुख, उपप्रमुख र वडा अध्यक्ष तथा गाँउपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष पदमा रहेको व्यक्ति सहकारी संस्थाको संचालक समिति वा लेखा सुपरीवेक्षण समितिमा निर्वाचित वा मनोनीत हुने छैन ।

(१२) प्रारम्भिक सहकारी संस्थाहरुको कम्तिमा एक कार्यकाल संचालक समिति वा लेखा समितिमा नरहेका व्यक्तिहरु कुनै पनि तहको संघको पदाधिकारीमा उम्मेदवार हुन पाउने छैनन् ।

(१३) संचालक समितिको अध्यक्ष वा अन्य पदहरुमा उम्मेदवार हुने व्यक्ति संस्थाको संचालक समितिको एक कार्यकाल सम्म निरन्तर शेयर सदस्य रही सदस्यको दायित्व निर्वाह गरेको व्यक्ति हुनु पर्नेछ ।

(१४) प्रत्येक संस्था तथा संघको संचालक समिति र लेखा समितिको पदाधिकारी निर्वाचनमा उपलब्ध भएसम्म तेत्तिस प्रतिशत महिला नेतृत्व निर्वाचित हुने गरी विनियममा विशेष व्यवस्था मिलाउनु संचालक समितिका सदस्यहरुको कर्तव्य हुनेछ ।

(१५) लेखा समितिको गठन साधारण सभाबाट हुनेछ । लेखा समितिको सदस्य हुन न्यूनतम प्रविणता प्रमाणपत्र तह वा सो सरहको योग्यता हासिल गरी लेखापालन वा लेखापरिक्षण सम्बन्धी तालिम लिएको वा सार्वजनिक क्षेत्र, बैंक तथा वित्तीय क्षेत्रमा लेखा सम्बन्धी अनुभव हासिल गरेको तथा सम्बन्धित संस्थाको सदस्यता लिएको कम्तीमा तीन वर्ष पूरा भएको हुनुपर्नेछ ।

**१०. <u>संचालक समितिको काम तथा कर्तव्य</u> :** ऐन, नियमावली तथा विनियममा गरिएको व्यवस्थाका अतिरिक्त देहायका जिम्मेवारी वहन गर्ने दायित्व समितिको हुनेछ -

(क) संस्था वा संघको बचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी संयुक्त रुपमा संचालकहरुको हुनेछ ,

तर बरबुझारथ नगरेको अवस्था सम्म संस्था वा संघको सम्पत्ति र दायित्व सम्बन्धी जिम्मेवारी अघिल्लो संचालकहरुले समेत वहन गर्नु पर्नेछ । बरबुझारथ भए गरेकोमा सोही बमोजिमको दायित्व निर्वाह गर्नु पर्नेछ ।

(ख) बचत तथा ऋणको कारोवार गर्ने संघ सस्थाले साधारण सभाको स्वीकृतिमा बनेको वचत तथा ऋण नीतिका आधारमा एक निश्चित रकम सम्मको ऋण प्रवाहमा व्यवस्थापनलाई अधिकार प्रत्यायोजन गरे देखी बाहेक ऋण उपसमितिको सिफारिसमा मात्र संचालक समितिले ऋण लगानी गर्नु पर्नेछ । ऋण प्रवाहमा प्रक्रियागत त्रुटीका कारण जोखिम उत्पन्न भएमा सम्बन्धित निर्णय गर्ने अधिकारी र प्राबिधिक रुपले सिफारिश गर्ने कर्मचारी एवं सामूहिक रुपमा निर्णयमा संलग्न समितिका सबै पदाधिकारीले जिम्मेवारी वहन गर्नु पर्नेछ,

(ग) निर्वाचन भएको एक महिना भित्र निर्धारित ढांचामा संस्था वा संघका सञ्चालक समिति र लेखा समितिको पदाधिकारीहरुको हालसालै खिचिएको फोटो सहित तिन पुस्ते नाम, पद, स्थायी ठेगाना, सम्पर्क फोन र पत्राचारको ठेगाना खुल्ने विवरण, एवं नागरिकताको प्रमाणित प्रतिलिपि विभागमा पेश गर्नु पर्नेछ,

(घ) प्रारम्भिक संस्थाको संचालक समितिको नियमित बैठक कम्तिमा महिनामा एक पटक राख्नु पर्नेछ । समितिको निर्णय पुस्तिका सुरक्षित साथ संघ संस्थाको कार्यालयमा राख्ने व्यवस्था अध्यक्ष र प्रमुख व्यवस्थापकले मिलाउनु पर्नेछ । प्रत्येक बैठकको निर्णयका बारेमा संचालकहरु जिम्मेवार हुनेछन्,

(ङ) संचालक र प्रमुख व्यवस्थापकले उपयोग गर्ने सेवा सुविधाको व्यवस्था साधारण सभाले पारित गरेको आर्थिक प्रशासन सम्बन्धी नियमावली र स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम बमोजिम हुनेछ । सामान्यतया यस्तो सुबिधा प्रचलन वा संस्था वा संघको वित्तिय विश्लेषणका आधारमा अस्वभाविक देखिएमा समायोजनका लागि विभागले आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशनको पालना गर्नु संस्था वा संघको कर्तव्य हुनेछ,

(च) समयमै लेखा परीक्षण गराई साधारण सभा सम्पन्न गर्ने दायित्व संचालक समितिको हुनेछ । पदाबधि समाप्त हुनु कम्तिमा १५ दिन अगावै निर्वाचनको व्यवस्था मिलाउनु पर्ने कामको दायित्व समितिको हुनेछ,

(छ) कुनै सदस्यले सदस्यता छाड्न चाहेमा ३० दिन अघि लिखित रुपमा समितिसँग माग गर्नुपर्नेछ । संचालक समितिले बैठकबाट निर्णय गरी त्यस्तो सदस्यको सम्पत्ति र दायित्व यकिन गरी शेयर रकम फिर्ता गर्नु पर्नेछ । संचालक समितिले शेयर रकम फिर्ता नगरेमा सो को पुनरावेदन सुन्ने निकाय साधारण सभा हुनेछ,

(ज) संस्था/संघको कार्यालयमा सबैले देखिने गरी सदस्य बडापत्र राख्ने व्यवस्था मिलाउनु पर्नेछ,

(झ) विभागले गर्ने अनुगमन तथा छानबिनमा सहयोग गर्नु पर्नेछ ।

**११. <u>लेखा समितिको दायित्व र शर्तहरु</u>** : ऐन, नियमावली तथा विनियममा गरिएको व्यवस्थाका अतिरिक्त देहायका जिम्मेवारी वहन गर्ने दायित्व लेखा समितिको हुनेछ :-

(क) प्रत्येक संस्था वा संघको लेखा समितिले देहायका विषयमा परीक्षण गरी अनुसूची-२ को ढांचामा अनिवार्य रुपमा वार्षिक प्रतिवेदन साधारण सभा र सोको एक प्रति विभागमा पेश गर्नु पर्नेछ :-

(१) व्यवस्थापन परीक्षण (खास गरी कर्मचारी व्यवस्थापन र सम्पत्तिको उचित प्रयोग र संरक्षणका वारेमा) ,

(२) साधारण सभा र विशेष साधारण सभाको निर्णयको कार्यान्वयनको अवस्था,

(३) संचालक समितिको वैठक, निर्णय र कार्यान्वयनको नियमितता,

(४) बचत तथा ऋणको कारोवार गर्ने संघ संस्थाको हकमा ऋण लगानी प्रक्रिया र सुरक्षणको अवस्था,

(५) विभागद्वारा जारी मापदण्डहरुको कार्यान्वयनको अवस्था,

(६) विभाग वा सम्बन्धित संघहरुले अनुगमन निरीक्षण गर्दा देखाइएको कैफियत र सुझावहरुको कार्यान्वयनको अवस्था,

(७) संस्था वा संघको पदाधिकारी र प्रमुख कार्यकारीले लिएका पारिश्रमिक, सुविधा र भत्ता सम्वन्धी विवरण,

(८) कर्मचारी भर्ना प्रक्रिया,

(९) शेयर सदस्यहरुलाई नियमानुसार दिइएको मुनाफा र अन्य थप सुविधाहरु,

(१०) लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विषयहरु ।

(ख) लेखा समितिले चौमासिक आधारमा नियमित परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ,

(ग) लेखा समितिको वार्षिक प्रतिवेदन नियमित वार्षिक साधारण सभा वस्नु भन्दा कम्तिमा १५ दिन अगाडि संचालक समितिमा पेश गर्नु पर्नेछ । संचालक समितिले वार्षिक साधारण सभाको विवरणमा सो प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी शेयर सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ,

(घ) लेखा समितिको प्रतिवेदनहरु लेखापरीक्षकलाई लेखापरीक्षण गर्नु अघि नै उपलब्ध गराउनु पर्नेछ ,

(ङ) प्रत्येक चौमासिक प्रतिवेदन तयार गरी संचालक समितिका अध्यक्ष वा कार्यकारी प्रमुख मार्फत समितिमा पेश गर्नु पर्नेछ ,

(च) प्राप्त प्रतिवेदन वारे संचालक समितिलाई स्पष्ट पार्न संचालक समितिको वैठकमा लेखा समितिका संयोजक वा निजको अनुपस्थितिमा कुनै अर्को सदस्यलाई आमन्त्रण गर्नु पर्नेछ,

(छ) अनुगमनको क्रममा लेखा समितिले आफ्नो दायित्व वहन गर्न नसकेको वा नगरेको पाईएमा वा सदस्यहरुले निवेदन दिएमा रजिष्ट्रार वा निजले तोकेको कर्मचारीले तत्काल अर्को लेखा समिति गठनका लागि विशेष साधारण सभा वोलाउन निर्देशन दिन सक्नेछ ।

१२. **साधारण सभा सम्बन्धी व्यवस्था :** ऐन, नियमावली तथा विनियममा गरिएको व्यवस्थाका अतिरिक्त साधारण सभा सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) साधारण सभा सम्पन्न भएको एक महिना भित्र सम्बन्धित संघ संस्थाले लेखापरीक्षणको प्रतिवेदन, कारोवारको वार्षिक प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाको निर्णयका प्रतिलिपिहरु, सदस्यहरुको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएको भए संचालक र लेखा समितिका पदाधिकारीहरुको व्यक्तिगत विवरण विभागमा पेश गर्नु पर्नेछ,

(ख) साधारण सभाको सूचना प्रशारणमा देहायका प्रक्रियाहरु पुरा गर्नु संघ/संस्था कर्तव्य हुनेछ :-

(१) साधारण सभा बस्ने सूचना कम्तिमा १५ दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ,

(२) विशेष साधारण सभाको सूचना कम्तिमा ७ दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ,

(३) सूचनाका लागि सबै सदस्यहरुले जानकारी पाउने माध्यमको उपयोग गर्नु पर्नेछ,

(४) प्रकाशित वा प्रशारित सूचनाको जानकारी विभागलाई सूचना प्रकाशित भएको मितिले ३ दिन भित्र छिटो साधनद्वारा गराउनु पर्नेछ,

(५) सूचनामा सभा बस्ने स्थान, मिति, समय र सभामा प्रस्तुत हुने प्रमुख विषयहरु समावेश गर्नु पर्नेछ,

(६) नयाँ संचालक समिति र लेखा समिति वा रिक्त पदहरुमा निर्वाचन गर्नु पर्ने भए निर्वाचन सम्बन्धी कार्यक्रमको संक्षिप्त विवरण समेत अनिवार्य रुपमा प्रकाशन वा प्रशारण गर्नु पर्नेछ,

(७) संघहरुले नियमानुसार सदस्यता खुला राख्नु पर्नेछ । संघहरुले सदस्यताका लागि कम्तिमा वर्षको २ पटक सूचना मार्फत सदस्यता आह्वान गर्नु पर्नेछ,

(८) सभा बस्ने स्थान संस्था दर्ता भएको जिल्ला भित्रको विभाग परिसर वा नजिकको सभा हलमा व्यवस्थापन गर्नु पर्नेछ,

(९) साधारण सभा संचालन सम्बन्धी प्रक्रिया मितव्ययी, पारदर्शी तथा स्वच्छ रुपमा सम्पन्न गर्नु पर्नेछ ।

(ग) सामान्यतया नियमित वार्षिक साधारण सभा प्रारम्भिक सहकारी संस्थाहरुले आश्विन महिना भित्र, जिल्ला सहकारी संघ र विषयगत जिल्ला सहकारी संघहरुले कात्तिक महिनामा, प्रदेश विषयगत सहकारी संघहरुले मंसिर महिनामा र प्रदेश सहकारी संघले पौष महिना भित्रमा सम्पन्न गर्नु पर्नेछ,

(घ) १ हजार भन्दा बढी शेयर सदस्य भएका संस्थाको हकमा प्रत्येक १० जनाबाट १ जना र एक जिल्ला भन्दा बढी जिल्लाहरु कार्य क्षेत्र हुने संघ संस्थाको हकमा प्रत्येक जिल्लाबाट कम्तिमा सम्बन्धित जिल्लाको कूल सदस्य संख्याको १० प्रतिशत प्रतिनिधि सहभागी हुने गरी साधारण सभा सम्पन्न गर्न सकिनेछ,

(ङ) खण्ड (घ) बमोजिम प्रतिनिधि छनौट गर्दा ऐन तथा नियमावलीमा व्यवस्था भएको गणपुरक संख्या कायम हुने गरी एक क्षेत्रमा कम्तीमा चार सय र बढीमा एक हजारभन्दा बढी सदस्य राख्न पाइने छैन,

(च) निर्धारित निर्वाचन कार्यक्रम अनुसारका प्रक्रियाहरु पुरा नगरी गरिएको निर्वाचन बैधानिक हुने छैन । निर्वाचन सम्बन्धी सबै कागजपत्रहरु सील गरी प्रमाणित गराई ६ महिना सम्म सुरक्षित राख्नु पर्नेछ । निर्वाचन सम्बन्धी प्रारम्भिक सुनुवाई रजिष्ट्रारले गर्नेछ । निर्वाचन प्रक्रिया पुरा नगरी भएको भन्ने लागेमा निर्वाचन सम्पन्न भएको ३५ दिन भित्र रजिष्ट्रार समक्ष उजुरी दिई सक्नु पर्नेछ । म्याद नाघी आएको उजुरी उपर कुनै सुनुवाई हुने छैन । रजिष्ट्रारले उजुरी परेको १ महिना भित्र छानविन गरी निर्णय उपलब्ध गराउनु पर्नेछ । रजिष्ट्रारले गरेको निर्णय उपर चित्त नबुझे म्याद भित्र नियमानुसार मन्त्रालय समक्ष पुनरावेदन गर्न सकिनेछ ।

१३. **संघको सदस्यता दिने लिने प्रक्रिया** : ऐन, नियमावली तथा विनियममा गरिएको व्यवस्थाका अतिरिक्त संघको सदस्यता दिने लिने प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) नयाँ दर्ता हुने संस्था वा संघले प्रारम्भिक साधारण सभा सम्पन्न भएको मितिले ६ महिना भित्र र विगतमा दर्ता भई संचालनमा रहेका सहकारी संघ संस्थाहरुले यो मापदण्ड जारी भए पछि हुने वार्षिक साधारण सभा सम्पन्न भएको मितिले ६ महिना भित्र सदस्यता लिन आवेदन पेश गर्नु पर्नेछ,

(ख) सम्बन्धित संघहरुले पनि सहकारी संस्था वा संघहरुले सदस्यताका लागि आवेदन गरेपछि बस्ने पहिलो बैठकबाट निर्णय गरी वा मापदण्ड बमोजिम अघिल्लो बैठक बसेको मितिले बढीमा २ महिना भित्र बैठक राखी सदस्यता दिइसक्नु पर्नेछ । सदस्यताको लागि आवेदन

गर्ने संघ वा संस्थालाई सदस्यता दिन नसकिने कुनै कारण भए सो खुलाई विभाग र आवेदक संस्थालाई बैठक बसेको ७ दिन भित्र लिखित जानकारी दिनु पर्नेछ,

(ग) संस्था तथा संघहरु अनिवार्य रुपमा ऐन तथा नियमावलीको अधीनमा रही संघमा आबद्ध हुनु पर्नेछ ।

१४. **वचत तथा ऋण परिचालन निर्देशिका** : (१) वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाले संचालक समितिले स्वीकृत गरेको वचत तथा ऋण परिचालन निर्देशिकाको अधीनमा रही कारोवार शुरु गर्नु पर्नेछ ।

(२) निर्देशिका तर्जुमा गर्दा ऐन, नियमावली, मापदण्ड तथा विनियमावलीलाई अनिवार्य रुपमा अनुशरण गर्नु पर्नेछ ।

१५. **विनियम संशोधन नगरिने** : (१) संस्थाको प्रारम्भिक साधारण सभाले विनियम संशोधन गर्न सक्ने छैन।

(२) साधारण सभामा विनियम संशोधन प्रस्ताब गर्नुपूर्व प्रचलित कानून, विभागले जारी गरेको मापदण्ड र निर्देशन बमोजिम भए नभएको बारेमा सैद्धान्तिक सहमति लिन सक्ने छन् । पूर्व सहमति नलिइ गरिएको परिमार्जन प्रचलित कानून, विभागले जारी गरेको मापदण्ड र निर्देशनको प्रतिकुल पाइएमा रजिष्ट्रार वा निजले तोकेको कर्मचारीले सो प्रावधान अस्वीकृत गर्न सक्नेछ ।

१६. **सहकारी संघ संस्था दर्ता गर्दा पालना गर्नु पर्ने प्रावधानहरु** : सहकारी संघ संस्था दर्ता गर्दा पालना गर्नु पर्ने प्रावधानहरु ऐन, नियमावली तथा अनुसूची - ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## संस्थाहरुको कार्य क्षेत्र

१७. **कार्यक्षेत्र** : ऐन तथा नियमावलीमा गरिएको व्यवस्थाका अतिरिक्त संस्थाको कार्यक्षेत्र सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) एक जिल्ला भित्र कार्यक्षेत्र भएका बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले जोडिएको अर्को जिल्लाको स्थानीय तह समेत जोडी कार्यक्षेत्र कायम गर्न माग गर्न सक्नेछन,

(ख) कृषि, उद्योग तथा व्यावसायिक प्रकृतिका बहुउद्देश्यीय सहकारी संस्थाको हकमा उक्त संस्थाले प्रदान गर्ने सेवा वा उत्पादनको प्रकृति, सदस्यता र भौगोलिक अवस्था हेरी रजिष्ट्रारको स्वीकृतिमा बढीमा तीन जिल्लासम्म कार्यक्षेत्र कायम गर्न सकिनेछ,

तर उद्योग प्रशोधन कारखाना बाहेकका ठूलो कार्यक्षेत्र चाहिने स्वास्थ्य सेवा, संचार, यातायात, विद्युत उत्पादन र वितरण, कृषि उत्पादन, भण्डारण र बजारिकरण एवं अन्य उद्योगहरु स्थापना गर्ने सहकारी संस्थाको हकमा पेश गरिएको कार्य योजना, सम्भाव्यता र पुरानो संस्थाको हकमा प्रगति समेतको आधारमा पाँच जिल्ला सम्म कार्यक्षेत्र राखी रजिष्ट्रारले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(ग) एकै प्रकृतिका सहकारी संस्थाहरु एकीकरण भइ कारण सहित थप कार्यक्षेत्र माग गरेमा रजिष्ट्रारले औचित्यको आधारमा कार्यक्षेत्र विस्तारको स्वीकृति प्रदान गर्न सक्नेछ,

(घ) काठमाडौ उपत्यका भित्रका कुनै एक जिल्ला भरी कार्यक्षेत्र भएको संस्थाले काठमाडौ उपत्यकाका ३ जिल्ला भित्रका जोडिएका एकभन्दा बढी स्थानीय तहको कार्यक्षेत्र विस्तारका लागि माग गरेमा देहायका शर्तहरु पुरा भएको आधारमा रजिष्ट्रारले स्वीकृति दिन सक्नेछ :-

(१) संस्थाको सदस्य संख्या ५ हजार भन्दा बढी पुगेको,

(२) शेयर पूँजी र जगेडा कोष समेत संस्थाको जम्मा पूजिँ रु. १० करोड भन्दा माथि पुगेको,

(३) संस्था स्थापना भएको कम्तिमा १० वर्ष पुरा भएको,

(४) आफ्नै भवनबाट कारोवार संचालन गरेको ।

(ङ) खण्ड (घ) बमोजिमका शर्तहरु पुरा भए नभएको छानविन गरी रजिष्ट्रारले आवश्यकता र औचित्यताका आधारमा कार्यक्षेत्र तोकी क्षेत्र विस्तारको लागि स्वीकृति दिन सक्नेछ,

(च) खण्ड (घ) बमोजिम कार्यक्षेत्र विस्तारको निर्णय भइ कार्यक्षेत्र विस्तार भएमा न्यूनतम तीन वर्ष व्यतित नभइ कार्यक्षेत्र थप गरिने छैन,

(छ) कुनै गाँउपालिकामा सहकारी संस्था नभई जनतामा सहकारी सेवा विस्तार नभएको अवस्थामा स्थानीय तहको सिफारिसमा स्तरिय ढंगले संचालनमा रहेको कुनै संस्थाको कार्यक्षेत्र कायम गरी सहकारी सेवाको पँहुच विस्तार गर्न शर्त सहित रजिष्ट्रारले स्वीकृति दिन सक्नेछ ।

१८. **<u>कार्यक्षेत्र सीमित गर्ने तथा सेवा केन्द्र सम्बन्धी व्यवस्था</u>** : ऐन तथा नियमावलीमा गरिएको व्यवस्थाका अतिरिक्त कार्यक्षेत्र सीमित गर्ने तथा सेवा केन्द्र सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) संस्था दर्ता हुँदा एक भन्दा वढी जिल्लाहरु कार्यक्षेत्र राखिएका वचत तथा ऋणको कारोवार गरेका संस्थाहरुको कारोवार नभएका जिल्लाहरुको कार्यक्षेत्र रजिष्ट्रारले घटाउन सक्नेछ,

(ख) स्वीकृति नलिई शाखा वा सेवा केन्द्र वा सम्पर्क कार्यालय स्थापना गरी कार्य संचालन गरेको पाइएमा विभागले संस्थाको सबै कारोवार रोक लगाइ प्रचलित कानून बमोजिम कारबाही गर्नेछ,

(ग) स्वीकृत कार्यक्षेत्र भित्रका सदस्यहरुलाई प्रभावकारी सेवा प्रवाह गर्न केही संख्यामा सेवा केन्द्र वा सम्पर्क कार्यालय स्थापना गर्न रजिष्ट्रारले स्वीकृति दिन सक्नेछ । यसका लागि विभागले आवश्यक देखेमा संस्थाको सघन अनुगमन समेत गर्न सक्नेछ,

(घ) खण्ड (ग) बमोजिम सेवा केन्द्रको स्वीकृति प्रदान गर्दा बढीमा तीन वटा सेवा केन्द्र संचालनको लागि स्वीकृति प्रदान गर्न सकिनेछ । एक पटक सेवा केन्द्र संचालनको स्वीकृति पाएका संस्थाको हकमा दुई वर्ष व्यतीत नभइ पुनः सेवा केन्द्र थपको स्वीकृति प्रदान गरिने छैन,

(ङ) सेवा केन्द्र थपको स्वीकृति पाएका संस्थाले एक वर्षभित्र सेवा केन्द्र संचालन नगरेको पाइएमा रजिष्ट्रारले त्यस्तो स्वीकृति खारेज गर्न सक्नेछ ।

# परिच्छेद-४

## बचत संकलन, ऋण लगानी, व्याजदर र तरलताको सीमाहरु

१९. **निक्षेप संकलन तथा ऋण प्रवाहको सीमा** : (१) संस्थाले निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका वीचमा मात्र सीमित गर्नु पर्नेछ ।

(२) संकलित निक्षेप रकम सदस्यहरुलाई ऋण प्रवाह गर्ने काम बाहेकको प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

(३) संस्था र संघले बैंकहरुमा खाता खोलेको र वन्द गरेको जानकारी १० दिन भित्र विभागमा गराउनु पर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो सदस्यसंग निक्षेप संकलन गर्दा प्राथमिक पूँजि कोषको वढीमा १५ (पन्ध्र) गुणासम्म मात्र संकलन गर्न सक्नेछ ।

२०. **व्याज दर सम्बन्धी व्यवस्था** : (१) सहकारी बचत तथा ऋणको सन्दर्भ व्याज दर सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(२) बचत र ऋणको व्याज दर बीचको अन्तर ६ प्रतिशत भन्दा बढी कायम गर्न पाइने छैन ।

(३) विभिन्न नामको निक्षेपमा दिइने व्याज दर र विभिन्न कर्जामा लिइने व्याज दरको अन्तर ३ प्रतिशत भित्र कायम राख्नु पर्नेछ ।

(४) प्रवाह भइसकेको ऋणको व्याज दरमा परिवर्तन गर्न पाइने छैन ।

(५) उपदफा (५) मा उल्लेखित अवस्था बाहेक संचालक समितिको निर्णयले व्याज दर परिवर्तन गर्न सकिनेछ । व्याज दर परिवर्तनको सूचना शेयर सदस्यहरुको जानकारीका लागि सार्वजनिक रुपमा एक पटक प्रकाशित गर्नु पर्नेछ ।

(६) कर्जामा सम दर तथा चक्रवृद्धि ब्याज लगाउन पाईने छैन ।

२१. **लेखा राख्ने प्रणाली** : संस्थाका सदस्यहरु वीच लाभांश वितरण प्रयोजनको लागि नगद आधार (Cash basis) मा व्याज आय लेखा राखी अन्य प्रयोजनका लागि प्रोदभावी आधार (Accrual basis) मा कारोवारको लेखा राख्नु पर्नेछ । नगदमा प्राप्त नभएको व्याजलाई पाउनु पर्ने व्याज हिसावमा खर्च लेखी व्याज मुल्तवी हिसाव (Interest Suspense A/c) मा जम्मा गर्ने व्यवस्था गर्नु पर्नेछ ।

२२. **ऋण लगानीका लागि प्रक्रिया तथा सीमाहरु** : (१) संस्थाले आफ्नो प्रत्येक सदस्यलाई संस्थाको कूल पुँजी कोषको १० प्रतिशतमा नवढाई ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ऋण प्रदान गर्दा ऋण लगानीको उद्द्देश्य खुलाउन पर्नेछ र संस्थाको उद्द्देश्य अनुसार स्वीकृत परियोजनाको आधारमा ऋण लगानी गर्नु पर्नेछ ।

(३) प्रस्तावित ऋण रकम उचित सुरक्षण हुने गरी जायजेथा धरौटी वा कुनै सदस्यको धन जमानीमा मात्र संस्थाले ऋण लगानी गर्नुपर्ने छ ।

तर संस्थाले जेथा जमानी नभएका सदस्यहरुलाई कुनै वा केही सदस्यहरुको निक्षेप धितो रहने शर्तमा वा संस्थाको स्वीकृत नीति बमोजिम बिना धितो लघु ऋण लगानी गर्न वाधा पर्ने छैन ।

(४) ऋण लगानी गर्दा ऋण माग फारमको उपयोग, धितो मुल्यांकन प्रक्रिया, ऋण उपसमितिको सिफारिस वा स्वीकृति र अनुमोदन जस्ता पूर्व निर्धारित प्रक्रिया अवलम्वन गरी ऋण प्रदान गर्नु पर्नेछ ।

(५) संस्थाले जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एकाघरका परिवारका सदस्यको नामको ऋणलाई थाम्ने गरी जेथा ९एचष्बचथ ऋर्याबितभचबत० धितो राखेर मात्र ऋण लगानी गर्नु पर्नेछ ।

(६) संस्थावाट प्रवाहित हुने सवै प्रकारका ऋण लगानीमा कुल परियोजना लागतको वढीमा ७० प्रतिशत अंश संस्थाबाट र घटीमा ३० प्रतिशत अंश ऋणी सदस्यको स्व-पूंजीबाट व्यहोर्ने गरी ऋण लगानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सदस्यहरुलाई घरजग्गा खरीद गर्न ऋण दिनु पर्ने भएमा कूल मूल्यको बढीमा ४० प्रतिशत मात्र लगानी गर्न सकिनेछ । संस्था वा संघले कुल ऋण लगानीको २५ प्रतिशतमा नवढ्ने गरी घर जग्गामा कर्जाको सीमा निर्धारण गर्नु पर्नेछ ।

(७) रु. १० लाख भन्दा माथिको कुल परियोजना लागत निर्धारण गर्दा संस्थागत मूल्यांकनकर्ताहरुबाट र अन्यमा कुनै एक संचालक, ऋण उप समिति सदस्य र व्यवस्थापकको सामूहिक टोलीले मूल्यांकन गर्नु पर्नेछ ।

(८) संस्थाले आफ्नो सदस्यको शेयर प्रमाणपत्र धितो जमानी राखी कर्जा प्रवाह गर्न पाउने छैन।

(९) संस्था दर्ता हुँदाका बखत रहेका सदस्य बाहेक अन्यको हकमा सदस्यको रुपमा तीन महिनासम्म संस्थामा नियमित बचत गरे पछि मात्र कर्जा प्रवाह गर्न सकिनेछ ।

(१०) साधारण सभाको स्वीकृतिमा कर्जा प्रवाह सम्बन्धी प्रशासनिक खर्चका लागि वढीमा १ (एक) प्रतिशतसम्म सेवा शुल्क तथा ०.२५ (शून्य दशमलब दुइ पाँच) प्रतिशतसम्म नवीकरण शुल्क लिने बाहेक कर्जा प्रवाहको नाममा अन्य कुनै शुल्क लिएको पाइएमा सम्बन्धित सदस्यलाई फिर्ता गराउने र संचालक समितिलाई सचेत गराइनेछ ।

(११) संस्थाले ऋण लगानी गर्दा घट्दो दरमा ब्याज हिसाव गर्नु पर्नेछ । व्याज पूँजीकरण गर्न पाइने छैन ।

(१२) धितो वापतको सम्पत्ति संघ संस्थाको नाममा दृष्टिवन्धक वा रोक्का गराइ राख्नु पर्नेछ । संचालक वा अन्य कुनै व्यक्ति नाममा राख्न पाइने छैन ।

(१३) संस्थाका संचालक तथा लेखा समितिका ४९ प्रतिशत भन्दा वढी पदाधिकारीहरुलाई एकै अवधिमा ऋण लगानी गर्न पाइने छैन । संस्थामा आवश्यकता भन्दा बढी तरलता रहेको अवस्थामा छोटो अबधिको ऋण लगानी गर्न भने यो व्यवस्थाले बाधा पर्ने छैन ।

(१४) संस्थाको संचालक समिति, लेखा समिति, ऋण उप-समितिका पदाधिकारी तथा व्यवस्थापकले लिएको ऋणको विवरण बार्षिक रुपमा विभागमा पेश गर्नुपर्नेछ ।

२३. **<u>ऋणको वर्गीकरण</u>** : संघ वा संस्थाले आफ्ना सदस्यलाई ऋण लगानी गर्दा संस्थाहरुको हकमा देहाय वमोजिम ऋण नोक्सानी कोषको व्यवस्था गर्नुपर्नेछ ।

| ऋणको वर्गीकरण | भाखा नाघेको अवधी | ऋण नोक्सानी कोषको व्यवस्था |
|---|---|---|
| असल ऋण | भाखा ननाघेको | १ प्रतिशत |
| शंकास्पद ऋण | १ वर्ष सम्म भाखा नाघेको | ३५ प्रतिशत |
| खराव ऋण | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

२४. **पेश्की लिन नपाइने** : (१) संस्थाका सञ्चालक, व्यवस्थापक, र लेखासमितिका पदाधिकारीहरुलाई काम र पेश्की फछ्र्योटको समय सिमा नतोकी पेश्की दिन पाइने छैन ।

(२) उपदफा (१) विपरित व्यक्तिगत प्रयोजनका लागि लिएको पेश्की रकमलाई ऋण सरह मानी अधिकतम व्याज सहित असूल उपर गर्नु गराउनु पर्नेछ ।

२५. **तरलता सम्बन्धी व्यवस्था** : (१) बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने प्रत्येक संस्थाले कूल निक्षेप रकमको कम्तिमा १५ प्रतिशत रकम तरलता राख्नु पर्नेछ । नगद मौज्दात, बैंक मौज्दात, सरकारी ऋण पत्रमा गरिएको लगानी र सहकारी बैंक तथा वचत तथा ऋण सहकारी संघमा रहेको निक्षेप रकमलाई तरलताको रुपमा गणना गरिनेछ ।

(२) प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मानी तरलताको गणना गर्नु पर्नेछ ।

२६. **सहकारी उद्योग व्यवसायमा लगानी** : (१) सहकारी संस्थाले जगेडा कोषमा राखिएको रकमबाट वचत तथा ऋण कारोवार गर्ने सहकारी संस्थाको हकमा ५० प्रतिशत र अन्य संस्थाको हकमा बढीमा ८० प्रतिशत सम्म र पूँजी निक्षेपको अनुपात कायम रहने गरी थप पुँजी सिर्जना गरी संस्थागत विकासका लागि वा सहकारी संघ संस्थाहरुको संयुक्त लगानीमा स्थापना हुने वित्तिय कारोवार वाहेकका उद्योग व्यवसायमा लगानी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम लगानी गर्न साधारण सभाको सहमति तथा प्रचलित कानूनले निर्धारण गरेका प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

२७. **संरक्षित पूँजी फिर्ता कोष** : (१) संरक्षित पूँजी फिर्ता कोषको रकम सदस्यहरुलाई बाँडफाँड गरी भुक्तानी गर्नका लागि संस्थासँग प्रत्येक सदस्यले गरेको कारोवारको लेखाको विवरणको आधारमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपभोक्ता सहकारी संस्था तथा अन्य उत्पादनमूलक सहकारी संस्थाको हकमा संस्थासंग गरेको खरीद तथा विक्री कारोवार र शेयर लगानीका अतिरिक्त अन्य कारोबार भए सो समेत जोडी औषत अनुपात रकम निकाली गणना गर्नु पर्नेछ ।

२८. **लाभांश वितरणमा प्रतिवन्ध** : सहकारी संस्थाले संस्थाको अघिल्लो वर्ष सम्मको खुद संचित नोक्सान पुरा नभएसम्म सदस्यहरुलाई लाभांश बाड्न पाईने छैन । ऐनले तोके भन्दा बढी हुने गरी कुनै पनि नाममा शेयर सदस्यहरुलाई लाभांश बाड्न पाइने छैन ।

## परिच्छेद-५

## संघहरुको काम कर्तव्य र दायित्व

२९. **प्रदेश सहकारी संघ** : प्रदेश सहकारी संघले आफ्नो विनियमको अधिनमा रही सहकारी क्षेत्रको विकास र प्रवर्द्धनमा केन्द्रित रहँदै देहायका कामहरु समेत गर्नु पर्नेछ :-

(क) सहकारी सम्वन्धी नीति तथा योजना निर्माणमा सरकारलाई सहयोग पुऱ्याउने,

(ख) सहकारीका क्षेत्रमा बनेका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न गराउन सहकारी संघ संस्थाहरुलाई क्रियाशिल बनाउने,

(ग) जिल्ला सहकारी संघ र विषयगत संघहरुको समन्वय एवं क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गर्ने,

(घ) सहकारीको आचारसंहिता तर्जुमा गरी लागू गर्ने र सो को अनुगमन गर्ने,

(ङ) सहकारी सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने,

(च) संघ संस्थाहरु वीच समन्वयको भूमिका निर्वाह गर्ने,

(छ) सहकारी क्षेत्रमा विधमान विसंगति र विकृतिहरु न्यून गर्न प्रभावकारी भूमिका निर्वाह गर्ने,

(ज) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरुको अनुशरण गर्ने गराउने ।

३०. **प्रदेश विषयगत सहकारी संघः** विषयगत संघहरुले आफ्नो विनियमको अधिनमा रही सम्वन्धित संघ संस्थाहरुको विकास तथा प्रबर्द्धनका लागि देहायका कामहरु समेत गर्नु पर्नेछ :-

(क) आफू मातहतका संघ संस्थाहरुको अनुगमन गरी स्वनियमनको अभ्यास गराउने,

(ख) आफ्ना सदस्य संघ संस्थाहरुमा उत्पन्न हुने विवाद समाधान गर्न मध्यस्थताको काम गर्ने,

(ग) आपसी सहकारी सहयोगका कार्यक्रमहरु संचालन गर्ने,

(घ) सहकारी शिक्षा र सूचना सम्प्रेषणका लागि प्रभावकारी कार्यक्रमहरु संचालन गर्ने ।

३१. **जिल्ला सहकारी संघ वा विषयगत जिल्ला सहकारी संघ** : (१) जिल्ला सहकारी संघले जिल्ला भित्रका सबै प्रारम्भिक संस्थाहरुको विकास र प्रबर्द्धनका लागि देहायका कामहरु गर्नु पर्नेछ :-

(क) सहकारी संस्थाहरु वीच सहकार्य, सहयोग, समन्वय र एकताको भावनाको विकाश गर्ने,

(ख) राष्ट्रिय सहकारी दिवसको जिल्ला तहमा संयोजन गर्ने,

(ग) जिल्ला भित्र रहेका सबै सहकारी संस्थाहरुलाई सदस्यता विस्तार गर्ने ,

(घ) पूर्व सहकारी शिक्षा तथा आधारभूत सहकारी शिक्षा सम्बन्धी तालिम कार्यक्रमहरु संचालन गर्ने,

(ङ) सहकारी प्रति जनचेतना अभिबृद्धि गर्न स्थानिय स्तरमा विभिन्न वर्ग र समुदायका वीच पुग्ने गरी सहकारी जागरणका कार्यक्रमहरु संचालन गर्ने,

(च) आर्थिक विकास गर्न सहकारीका मूल्यहरु र सिद्धान्तहरुको प्रबर्द्धन गर्ने,

(छ) जिल्ला तहमा सहकारी सूचना व्यवस्थापन र प्रशारणको व्यवस्था मिलाउने,

(ज) संस्थाहरु वीचका समस्याहरु समाधान गर्न मध्यस्थताको भूमिका निर्वाह गर्ने,

(झ) संस्थाहरु वीच देखिने अस्वस्थ प्रतिस्पर्धा न्यून गर्न पहल गर्ने । स्वस्थ र सक्षम सहकारी संस्थाहरुको विकाशका लागि मर्जर कार्यक्रमहरु संचालन गर्ने ।

(२) विषयगत जिल्ला सहकारी संघले जिल्ला भित्रका आफ्ना विषयका प्रारम्भिक संस्थाहरुको विकास र प्रबर्द्धनका लागि देहायका कामहरु गर्नु पर्नेछ :-

(क) व्यवसाय प्रबर्द्धनका लागि समन्वयको भूमिका निर्वाह गर्ने,

(ख) वस्तु तथा सेवाको उत्पादनमा प्राविधिक सेवा उपलब्ध गराउने,

(ग) संस्थाहरुमा स्वअनुशासन कायम गराउन अनुगमन गरी सुधारका लागि सुझाव गर्ने ।

(घ) सहकारी शिक्षा र सूचनाको प्रबर्द्धन गर्ने,

(ङ) सहकारी प्रति जनचेतना अभिबृद्धि गर्न स्थानिय स्तरमा सहकारी जागरणका कार्यक्रमहरु संचालन गर्ने,

(च) संस्थाहरुका समस्याहरु समाधान गर्न गराउन पहल गर्ने,

(छ) संस्था संचालनमा देखिने कमजोर पक्षहरुमा सुधारका लागि नेतृत्व लिने ।

३२. **निष्क्रिय संघ संस्था** : (१) लगातार ३ (तीन) वर्ष देखि वार्षिक साधारण सभा नगर्ने र विभागमा समेत नियमित रुपमा विवरण नबुझाउने सहकारी संघ संस्थाहरुको विवरण सार्वजनिक गर्ने व्यवस्था विभागले मिलाउनु पर्नेछ ।

(२) नियमित रुपमा लेखापरीक्षण नगराउने, निर्धारित समयमा साधारण सभा सम्पन्न नगर्ने, सहकारीका मूल्य र सिद्धान्तहरु, प्रचलित ऐन, नियम र विभागले जारी गरेको निर्देशन एवं मापदण्ड तथा विनियमको परिपालना नगरेसम्म त्यस्तो संघ संस्थाहरुलाई प्रदेश सरकारबाट उपलव्ध गराइने सेवा सुबिधाहरु उपलब्ध गराइने छैन ।

(३) तीन वर्ष भन्दा बढी अबधिसम्म वार्षिक साधारण सभा नगर्ने संघ संस्थाहरु निष्कृय संघ संस्थाहरुको सूचीमा समावेश गरिनेछ । यस्तो सूचीमा परेकाहरुको सम्पत्ति र दायित्व नरहेको पाइएमा प्रक्रिया पुऱ्याई दर्ता खारेज गरिनेछ । सम्पत्ति र दायित्व बाँकी देखिएमा संस्थाहरु विघटनको प्रक्रियामा लगिनेछ भने संघको हकमा अर्को कानून सम्मत समिति निर्माण गरी सम्पत्ति र दायित्व व्यवस्थापन गराउनु पर्नेछ । संस्था खारेजी र विघटनको कार्य विभागले प्रत्येक वर्ष अनिवार्य रुपमा गर्नुपर्नेछ ।

३३. **दर्ता खारेजीको जानकारी गराउने** : विभागले सहकारी संघ संस्थाहरुको दर्ता खारेजी र विघटनको जानकारी सम्बन्धित संघहरुलाई दिनु पर्नेछ ।

३४. **वार्षिक अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने** : आफ्नो सदस्य संस्थाहरुको नियमित वा नमुनाको रुपमा अनुगमन गरी वर्षको एकपटक सोको एक प्रति सुझावहरु सहितको समष्टिगत प्रतिवेदन संघहरुले विभागमा उपलव्ध गराई विभाग र विभागको कामलाई थप प्रभावकारी बनाउन र स्वनियमनको सिद्धान्तलाई व्यावहारिक प्रयोग गर्ने कार्यमा योगदान पुऱ्याउनु पर्नेछ ।

## परिच्छेद-६

## लेखा परीक्षकले पालना गर्नु पर्ने मापदण्डहरु

**३५. लेखा परीक्षकले पालना गर्नु पर्ने मापदण्डहरु :** लेखा परीक्षकले संघ संस्थाको लेखापरीक्षण गर्दा ऐनको दफा ६३ ले निर्दिष्ट गरेको व्यवस्थाका अतिरिक्त देहायका मापदण्डहरुको पालना गर्नु पर्नेछः-

(क) रु. १ करोड भन्दा वढी वचत परिचालन गर्ने संस्था वा संघको लेखापरीक्षण गर्दा अनिवार्य रुपमा अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित नियमनकारी विभागमा लङ फर्म लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ :-

(१) कार्यक्षेत्र वाहिर र गैर सदस्यसँग कारोवार गरे नगरेको, गरेको भए त्यस्ता व्यक्ति वा निकायहरुको संख्या र कारोवारको विवरण,

(२) वचत तथा ऋणको कारोवार गर्ने संघ संस्थाको PEARLS का आधारमा वित्तिय अवस्था,

(३) शेयर सदस्यहरुलाई शेयर लगानीको १८ प्रतिशतसम्म मात्र लाभांश वाड्न पाइने प्रावधान विपरित अन्य कुनै नामबाट थप रकम उपलव्ध गराए नगराएको, गराएको भए सो को विवरण स्पष्ट रुपमा उल्लेख गर्ने,

(४) समितिका पदाधिकारी र व्यवस्थापकले लिएको पारिश्रमिक तथा अन्य सुबिधाहरु र सो को आधार,

(५) समितिका पदाधिकारी र व्यवस्थापकले लिएको पेश्की रकम, पेश्की लिनुको उद्देश्य र पेश्की लिएको अबधि,

(६) समितिका पदाधिकारी र व्यवस्थापकको नाममा रहेको ऋण रकम, व्याज दर, ऋणको किसिम, भुक्तानीको अवस्था र ऋण स्वीकृतिको प्रक्रिया,

(७) निजी कम्पनी वा फर्ममा गरिएको ऋण वा शेयर लगानी र त्यस्तो कम्पनी वा फर्मको धनी वा संचालकहरु एवं सहकारी संस्थाका संचालक समितिका पदाधिकारीहरु एकै भए नभएको विवरण,

(८) जगेडा कोषको व्यवस्था र उपयोग,

(९) ढुकुटी, कारोवार काउन्टर र मार्गस्थल नगदको विमा व्यवस्था भए नभएको, भएको भए सो को विवरण,

(१०) जोखिम कोषको व्यवस्था र जोखिममा रहेको लगानी,

(११) आन्तरिक नियन्त्रण पद्धति प्रभावकारी भए नभएको सो को आधार,

(१२) लेखा समितिको सक्रियता, प्रभावकारिता र दिइएका सुझावहरुको कार्यान्वयनको अवस्था,

(१३) लिने दिने व्याज दरको औसत स्प्रेड दर र लिने दिने व्याजको स्ल्याव अन्तर,

(१४) ऋण प्रवाहमा लिइएको सेवा शुल्कको दर र ऋण प्रवाहको काममा हुने खर्च सँगको तादम्यता,

(१५) कुल ऋण तथा शेयर लगानी एवं सम्पत्ति खरिदको शीर्षकगत विवरण,

(१६) लगानीको सुरक्षणको अवस्था र धितोको अवस्था,

(१७) नियमानुसार सरकारी राजस्व कट्टी र दाखिलाको अवस्था,

(१८) विभागबाट गरिएको अनुगमन निरीक्षण प्रतिवेदन र सुझावहरुको कार्यान्वयनको अवस्था,

(१९) साधारण सभा एवं अन्य बैठकको नियमितता,

(२०) विभागले जारी गरेको यस मापदण्ड बमोजिम पालना नगरिएका प्रमुख व्यवस्थाहरु ।

(ख) खण्ड (क) मा उल्लेखित मापदण्ड सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा विभागमा लिखित रुपमा सुझाव माग गर्नु पर्नेछ । यसरी सुझाव माग गरिएकोमा विभागले १ महिना भित्र स्पष्ट सुझावहरु लिखित रुपमै दिनु पर्नेछ,

(ग) खण्ड (ख) बमोजिम दिइएको सुझाव र खण्ड (क) बमोजिमका मापदण्ड अनुसारका यथार्थ विवरणहरु प्रतिवेदनले प्रकाश नपारेमा सो को लेखा परीक्षण गर्ने लेखा परीक्षकलाई नियमानुसार आवश्यक कारवाहीका लागि आरोपलाई पुष्ट्याईं गर्ने आवश्यक कागजात सहित नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थामा विभागले उजुरी पठाउनेछ ,

(घ) लेखा परीक्षकले लेखापरीक्षण समाप्त भएको १५ दिन भित्र लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन सम्वन्धित संस्थामा अनिवार्य रुपमा वुझाउनु पर्नेछ,

(ङ) लेखापरीक्षण गर्ने अधिकार प्राप्त गरेका नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कार्यालयहरुमा बहालवाला कर्मचारीलाई सहकारी संघ संस्थाको लेखापरीक्षण गर्न निषेध गरिएको छ । अन्य कुनै इजाजत प्राप्त व्यक्ति वा फर्मको नामबाट काम गरेको पाइएमा सम्बन्धित कर्मचारीलाई विभागिय कारबाही हुनेछ साथै अनधिकृत व्यक्तिलाई काम लगाइएको पाइएमा सम्बन्धित व्यक्ति वा फर्मलाई नियमानुसार कारबाहीका लागि सम्बन्धित निकायमा नियमानुसार उजुरी गरिनेछ ।

३६. **<u>लेखापरीक्षकलाई नियमनकारी निकायले कारवाही गर्नु पर्ने</u>** : (१) दफा ३५ को उपदफा (३) बमोजिम कारवाहीका लागि उजूरी गरिएकोमा नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले नियमानुसार त्यस्ता लेखापरीक्षकलाई कारवाही गरी सोको जानकारी विभागलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधि भित्र कारवाही नगरेमा त्यस्ता लेखापरीक्षकहरुलाई बढीमा ५ वर्ष सम्म कुनै पनि सहकारी संस्था र संघको लेखापरीक्षण गर्न नपाउने गरी विभागले अभिलेख राख्नेछ ।

## परिच्छेद-७

## अनुगमन तथा कारवाही

३७. **अनुगमन सम्बन्धी प्रक्रिया र जिम्मेवारी** : (१) विभागले संघ संस्थाको अनुगमन गर्दा अनुसूची-५ मा उल्लेख भए बमोजिमको ढाँचाको फारम प्रयोग गर्नु पर्नेछ ।

(२) विभागबाट संघ संस्थाको निरीक्षण गर्न आउने कर्मचारीले माग गरेका सम्पूर्ण विवरणहरु उपलव्ध गराउनु संघ संस्थाका पदाधिकारी एवं सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

(३) अधिकार प्राप्त सहकारीका संघहरुले समेत अनुगमन कार्यमा उपदफा (१) बमोजिमको ढाँचाको फारम उपयोग गर्नु पर्नेछ । आफूले सम्पन्न गरेको अनुगमनको विवरणको एक प्रति विभागलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(४) अनुगमनमा संलग्न कर्मचारी वा पदाधिकारीले सो को प्रतिवेदन विभागमा काम सम्पन्न भएको मितिले ७ दिन भित्र पेश गरिसक्नु पर्नेछ ।

(५) गम्भिर प्रकृतिका आर्थिक अनियमितता भएको पाइएमा अनुगमनकर्ताले २४ घण्टा भित्र लिखित रुपमा रजिष्ट्रारलाई जानकारी गराउनु पर्नेछ ।

(६)प्राप्त अनुगमन प्रतिवेदनका आधारमा विभागले ७ दिन भित्र सुधारको प्रक्रिया अघि बढाउन सम्बन्धित संस्था र संघलाई लिखित जानकारी दिनु पर्नेछ । सुधार प्रक्रियामा निर्देशनको रुपमा पत्राचार गर्ने वा जिम्मेवार पदाधिकारीहरुलाई विभागमा उपस्थित गराई सुधारको कार्ययोजना लिने वा अटेर गरेमा कानूनी उपचार र मापदण्ड बमोजिमका कारबाही अघि बढाउने काम रजिष्ट्रारको जिम्मेवारी हुनेछ ।

(७) कर्मचारीले गर्ने अनुगमन र कारबाहीको प्रतिवेदनलाई कार्यसम्पादन मूल्यांकनको आधार बनाइनेछ ।

३८. **<u>कारवाही सम्वन्धी प्रावधानहरु</u> :** तथ्यपरक जानकारी प्राप्त भएमा वा अनुगमनको क्रममा पाइएका देहायका गम्भिर प्रकृतिका त्रुटीहरु वा अनियमित कारोवारका ऐनमा भएको व्यवस्थाका अतिरिक्त देहाय बमोजिमको कारवाही हुनेछ :-

(क) अनुगमन कार्यमा सहयोग नगरेमा कारोवार रोक्का गरिनेछ ।

(ख) शेयर सदस्यहरुलाई नियमानुसार दिन सकिने लाभांश वाहेक अन्य रकम वितरण गरी अस्वस्थ्य प्रतिस्पर्धा गरेको पाईएमा लाभांश वाहेकको रकम संचालक समितिका पदाधिकारीहरुबाट दामासाहिका दरले असुल उपर गरी संघ संस्थाको कोषमा दाखिला गराईनेछ,

(ग) कार्यकारी प्रमुख वाहेक अन्य संचालकले नियमित पारिश्रमिक लिएको पाईएमा सो रकम असूल उपर गरि संघ/संस्थाको कोषमा दाखिला गराइनेछ । तोकिए वमोजिमको समय भित्र रकम दाखिल नगरेमा संस्थाले साँवा र व्याज समेत असूल उपर गर्नेछ,

(घ) कार्यकारी प्रमुखको पारिश्रमिक निर्धारण गर्दा संचालक समितिवाट निर्णय गरी साधारण सभावाट अनुमोदन गराउनु पर्नेछ । निर्णय र अनुमोदन सम्वन्धी विवरण पेश नगरेमा लिएको पारिश्रमिक नियमित वा असूल उपर गर्नु गराउनु पर्नेछ,

(ङ) प्रचलित कानून र विभागवाट जारी मापदण्डहरु पालना नगरेको पाईएमा संस्था वा संघले प्राप्त गर्ने सुविधाहरु रोक्का गरिनेछ,

(च) कार्य क्षेत्र बाहिरका व्यक्तिलाई सदस्यता दिने तथा गैर सदस्यसंग कारोवार गर्ने संस्थाको बैक खाता रोक्का गर्ने, सार्वजनिक सूचना प्रकाशित गरी सर्वसाधारणलाई यस्ता संस्थासंग कारोवार नगर्न सजग गराउने, अनियमितता गरेको सूचना सार्वजनिक गर्ने र प्रचलित कानून बमोजिम थप कारवाही गरिनेछ,

(छ) निक्षेप वापत संकलित रकम विभागको स्वीकृति नलिई अन्यत्र लगानी गरेको पाइएमा उद्देश्य विपरित काम गरेको कसुरमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

३९. **विज्ञापन मार्फत सदस्यता बिस्तार गर्नमा प्रतिवन्ध :** संस्थाले सार्वजनिक रुपमा उपहार योजना राखी वा आकर्षक विज्ञापन गरी शेयर विक्री, वचत संकलन र ऋण प्रवाह गर्न पाउने छैन । यस मापदण्डको प्रतिकूल हुने गरी विज्ञापन वा सूचना वा दृश्य सामाग्री प्रकाशन वा प्रसारण गरेमा प्रचलित कानून बमोजिम ठगीको कसुरमा कारवाही हुनेछ ।

४०. **ठगीमा कारवाहीका लागि प्रहरीमा लेखि पठाईने :** देहायका कुनै कार्य वा कार्यहरुलाई ठगी प्रकरणका रुपमा लिई संचालक समितिका पदाधिकारीहरु र व्यवस्थापकलाई विभागले कारावाहीका लागि प्रहरी समक्ष लेखि पठाउनु पर्नेछ :-

(क) गैर सदस्यसंग कारोवार गरेमा वा सदस्यनै नबनाई कारोवार गरेमा,

(ख) कार्य क्षेत्र वाहिरका व्यक्ति वा निकायलाई सदस्य बनाएमा,

(ग) बचत निक्षेपको रकम निजी व्यवसायमा लगानी गरेमा,

(घ) निजी प्रयोजनका लागि अनधिकृत रुपमा संचालकहरुले कोषको अपचलन गरेमा,

(ङ) साधारण सभा नबोलाई र निर्वाचन प्रक्रिया पुरा नगरी आफूखुशी संचालक वा लेखा समितिको पदाधिकारी थपघट गरेमा,

(च) सम्बन्धित निकायबाट इजाजत लिइ मात्र गर्नु पर्ने कार्य वा कारोवार इजाजत नलिइ संचालन गरेमा,

(छ) पटक पटक भ्रम सिर्जना हुने आकर्षक विज्ञापन/सूचना मार्फत सदस्य विस्तार वा कारोवार बढाउने काम गरेमा,

(ज) एकै प्रकृतिका एक भन्दा बढी संस्थाको पदाधिकारी भई काम गर्ने गरेको पाइएमा,

(झ) अनधिकृत रुपमा संस्थाको कारोवारमा संलग्न रहेको पाइएमा,

(ञ) कार्यक्षेत्र बाहिर बसोबास गर्ने व्यक्ति संस्थाको संचालक समिति वा लेखा समितिको पदाधिकारी भएको पाइएमा,

(ट) सदस्यलाई फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेमा,

(ठ) ऐनको दफा ९९ बमोजिमको कसुर गरेको पाइएमा ।

## परिच्छेद-८

## उजुरी तथा छानबिन

४१. **उजुरी सम्बन्धी व्यवस्था :** ऐन, नियमावली तथा प्रचलित कानूनमा भएको व्यवस्थाका अतिरिक्त उजुरी सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) ऐन, नियमावली तथा यस मापदण्डको प्रतिकुल हुने गरी सहकारी संस्था तथा सदस्यले कार्य गरेमा वा तिर्नु/बुझाउनु पर्ने रकम नतिरे/नबुझाएमा विभागमा उजुरी गर्न सक्नेछन् ।

(ख) उपदफा (१) बमोजिम उजुरी गर्दा संस्था वा सदस्यले अनुसूची-६ बमोजिमको ढाँचाको उजुरी सम्बन्धी निवेदनका साथ आफैले प्रमाणित गरी निम्नानुसारका कागजात तथा प्रमाण पेश गर्नु पर्नेछ :-

(१) नाम, ठेगाना र सम्पर्क नम्बर खुल्ने गरी रु. दशको हुलाक टिकट टाँस गरेको निवेदन पत्र,

(२) तिर्नु/बुझाउनु पर्ने रकम पुष्टि हुने रसिद/भौचर/नगद पास बुक,

(३) सदस्यता प्रमाणपत्रको प्रतिलिपी,

(४) फोटो सहितको तीन पुस्ते खुल्ने विवरणको प्रतिलिपी,

(५) नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

(६) अन्य प्रमाण तथा कागजात भए सो को प्रतिलिपी ।

४२. **छानबिन सम्बन्धी व्यवस्था** : ऐन, नियमावली तथा प्रचलित कानूनमा भएको व्यवस्थाका अतिरिक्त छानबिन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) दफा ४१ बमोजिमको उजुरी प्राप्त भएपछि विभागले सम्बन्धित संस्था वा सदस्यलाई सो सम्बन्धमा पत्राचार गरी तिर्नु/बुझाउनु पर्ने रकम तिर्न/बुझाउन वा सफाइ पेश गर्ने मौका प्रदान गर्दछ,

(ख) खण्ड (क) बमोजिम तिर्नु/बुझाउनु पर्ने रकम नतिरे/नबुझाएमा वा सफाइ पेश नगरेमा विभागले थप प्रमाण झिकाइ वा अनुगमन गरी वा नगरी कारबाही गर्न सक्नेछ,

(ग) खण्ड (क) र (ख) का अतिरिक्त सामान्य प्रकृतिका विवादमा विभागले सम्बन्धित पक्षहरु बीच छलफल गराई विवादको समाधान गर्नमा भूमिका निर्वाह गर्न सक्नेछ ।

## परिच्छेद-९

## विविध

४३. **आचारसंहिता सम्बन्धी व्यवस्था** : संस्था/संघले सहकारी मूल्य र सिद्धान्तहरु एवं प्रचलित सहकारी ऐन तथा नियमावली, मापदण्ड तथा विनियमावलीमा आधारित भै संस्था/संघको पदाधिकारी र सदस्यहरुले पालना गर्नु पर्ने आचारसंहिता तयार गरी लागू गर्नु पर्नेछ ।

४४. **सहकारी संस्थाको कार्यालय सम्बन्धी व्यवस्था** :(१) संस्थाको कार्यालय तोकिएको कार्यक्षेत्र भित्र स्थापना गर्नु पर्नेछ ।

(२) कार्यालयको स्थापना बढी शेयर सदस्यहरु बसोबास गर्ने क्षेत्रमा गर्नु पर्नेछ ।

(३) एकै प्रकृतिको संस्थाको कार्यालय रहेको भवन वा घरमा अर्को संस्थाको कार्यालय स्थापना गर्न पाइने छैन । एउटै भवन वा घरमा एक भन्दा बढी एकै प्रकृतिको संस्थाहरुको कार्यालय भएमा पछि खोलिएको संस्थाको कार्यालय अन्य उपयुक्त ठाँउमा सार्न विभागले निर्देशन दिनेछ ।

(४) संस्था/संघको कार्यालय स्थापना गरेको ७ दिन भित्र विभागको निरीक्षण गर्न विभागलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(५) संस्था/संघको कार्यालय सार्नु पर्दा विभागको अग्रिम स्वीकृति लिई मात्र सार्न सकिनेछ । कार्यालय सरेको सार्वजनिक रुपमा जानकारी गराउन उपयुक्त संचार माध्यमको उपयोग गर्नु पर्नेछ ।

४५. **साइन बोर्ड राख्ने सम्बन्धी व्यवस्था** : (१) प्रत्येक संस्था/संघले दर्ता प्रमाणपत्रमा उल्लेख भए वमोजिम संस्थाको नाम, दर्ता नम्बर, दर्ता मिति, भौगोलिक कार्यक्षेत्र र दर्ता भएको विभागको नाम समेत खुलाई नेपाली भाषा देवनागरी लिपिमा साईन वोर्ड लेखी सवैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(२) सहकारीको साइन बोर्डमा एकरुपता ल्याउनको लागि प्रदेश सहकारी संघले निर्णय गरे अनुरुप साइन बोर्डको रंग हल्का हरियोमा सेतो अक्षरले लेखिएको हुनु पर्नेछ ।

(३) उपदफा २ बमोजिम प्रदेश सहकारी संघले निर्णय गर्दा राष्ट्रिय सहकारी संघसँग समन्वय गर्नु पर्नेछ ।

४६. **मासिक विवरण अध्यावधिक रुपमा राख्ने र विभागमा पठाउने** : (१) कम्प्युटरमा अभिलेख राख्ने गरेका संस्थाहरुले आर्थिक तथा प्रशासनिक अभिलेखहरु मासिक रुपमा मुद्रण गरी प्रमाणित गरी राख्नु पर्नेछ । मासिक कारोवारको विवरण सदस्यहरुको जानकारीको लागि संघ संस्थाको कार्यालयले प्रकाशित गर्नु पर्नेछ ।

(२) वार्षिक रु. १ करोड भन्दा वढी बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले अनुसूची-७ बमोजिमको ढाँचामा प्रत्येक महिना भुक्तान भएको मितिले ७ दिन भित्र विभागमा विवरण पेश गर्नु पर्नेछ । विवरण दाखिला नगर्ने संस्थालाई ऐन बमोजिम कारबाही हुनेछ ।

४७. **PEARLS अनुगमन विधि अनुसार खाता राख्नु पर्ने** : विभागबाट बचत तथा ऋणको कारोवार गर्ने संस्थाको अनुगमन गर्दा PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates of Return and Cost, Liquidity, Sign of Growth ) को अनुगमन विधि अवलम्बन गरिनेछ । १ करोड भन्दा बढीको वार्षिक कारोवार गर्ने बचत तथा ऋणको कारोवार गर्ने संस्था/संघले वित्तिय कारोवारको लेखा PEARLS अनुगमन विधि सँग तालमेल हुने गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ । यस कार्यका लागि लेखा राख्ने कर्मचारीलाई अनिवार्य रुपमा यस विधिको अभ्यास गर्ने गराउने वा तालिम दिने व्यवस्था मिलाउनु पर्नेछ ।

४८. **सूचना प्रशारण गरिने** : कुनै संस्था/संघका समिति, पदाधिकारी वा कर्मचारीले प्रचलित कानून, विभागबाट जारी गरिएको यो मापदण्ड वा थप निर्देशन, स्वीकृत विनियम र सहकारीका सिद्धान्त र मूल्यहरु विपरितका काम कारवाही गरेको पाइएमा सोको विवरण सहित संचालकलाई समय सीमा सहित काम कारवाही र कारोवार सच्याउन विभागले निर्देशन दिने छ । यसरी दिएको निर्देशन कार्यान्वयन नभएमा विभागले सोको सूचना संचार माध्यमबाट सम्बन्धित सबैलाई जानकारी गराई सुचित वा सचेत गराउन सक्नेछ ।

४९. **सम्पत्ति खरिद विक्रि गर्दा पारदर्शिता अपनाउनु पर्ने** : सहकारी संस्थाले अचल सम्पत्ति खरीद वा बिक्री गर्दा साधारण सभाको निर्णय, निर्धारित खरीद बिक्री प्रक्रिया, घटाघट वा बढाबढको प्रक्रियाबाट संस्थालाई बढी फाइदा हुन सक्ने अवस्था र सदस्यहरुको गुनासो नआउने गरी पारदर्शिताको प्रणाली अबलम्बन गर्नु पर्नेछ । संस्थाले घर जग्गा लगायत अचल सम्पत्ति खरीद बिक्री गर्दा पारदर्शी प्रक्रिया अवलम्बन गरे नगरेको साथै प्रचलित मूल्य बाट घटी बढी गरी संस्थाको अहित गरे नगरेको वारेमा अनुगमन गरी विभागले आवश्यक निर्देशन दिन सक्नेछ ।

५०. **रजिष्ट्रेशन छुट सम्बन्धी व्यवस्था** : (१) विभागको कार्यक्षेत्र भित्रका संस्थाले आफ्नो प्रयोजनको लागि घर जग्गा खरिदमा रजिष्ट्रेशन शूल्क छुट सुविधाको सिफारिस माग गर्दा श्रोतको आधार खुलाई माग गर्नु पर्नेछ । विभागले जारी गरेको मापदण्ड, विभागको निर्देशन र सहकारीको मूल्य र सिद्धान्तहरुको पालना नगरेको पाइएमा यस्तो सुबिधा उपलब्ध गराइने छैन । वचत तथा ऋणको कारोवार गर्ने

सहकारी संस्थाको हकमा जगेडा कोषको ५० प्रतिशत र पूँजिको अनुपात १:१५ कायम गरी थप पूँजि निर्माण गरी मात्र घर जग्गा खरिद गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट सुबिधाका लागि साधारण सभाको स्वीकृति, घर जग्गा खरिदका लागि पर्याप्त जगेडा कोष वा शेयर पूँजी भए नभएको विवरण प्रमाणित हुने लेखापरीक्षण प्रतिवेदन र हालको कारोवार खुल्ने कागजात, प्रचलित मूल्य प्रमाणित हुने कागजात, संचालक समितिको निर्णय र यस अघि छुट सुबिधा लिई खरिद गरेको घर जग्गाको विवरण पेश गर्नु पर्नेछ । छुट सुबिधामा खरिद गरिने घर जग्गा संस्था/संघको कार्यालय, पसल, गोदाम र मेशिनरी जडान एवं प्रमुख उद्देश्य अनुरुपको काम गर्ने प्रयोजनका लागि मात्र हुनेछ । उद्देश्य विपरितको कार्यमा छुट सुबिधामा खरीद गरिएको सम्पत्तिको प्रयोग गरिएको पाइएमा छुट भएको राजस्व सरकारी बाँकी सरह असुल उपर गर्न सम्बन्धित निकायमा लेखी पठाइने छ ।

(३) संघीय सहकारी ऐनको दफा ७८ को उपदफा (१) को खण्ड (ख) बमोजिम सहकारी संस्थाले जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर छुट, सुविधा वा सहुलियत प्राप्त गर्न सम्बन्धित संस्थाले देहायको विवरण सहित रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ :-

(क) यसरी निवेदन दिनु अघि रजिष्ट्रेशन दस्तुर छुट सुविधा लिई अचल सम्पत्ति खरिद गरेको भए जग्गाधनी प्रमाणपुर्जा र सम्बन्धित कागजातको प्रतिलिपी,

(ख) साधारणसभाको बैठकबाट घरजग्गा धनीको नामनामेसी, घर जग्गा रहेको ठेगाना, कित्ता नम्बर, क्षेत्रफल र मूल्य समेत खुलाई खरिद सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपी,

(ग) अचल सम्पत्ति खरिदमा बचत रकम उपयोग नहुने र जगेडा कोष तथा शेयर पूँजीबाट खरिद गर्न पुग्ने लेखापरिक्षकबाट प्रमाणित वित्तीय विवरण,

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदनमा उल्लेख गरिएको भन्दा थप शेयर पूँजी र जगेडा कोषको रकमबाट खरिद गर्न खोजिएको भए पछिल्लो शेयर पूँजी, जगेडा कोष र बचत रकमको दर्तावाल लेखापरिक्षकले प्रमाणित गरेको वित्तीय विवरण,

(ङ) सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गर्दा कैफियत देखिई सुधारका लागि निर्देशन दिएको भए निर्देशन पालनाको अवस्था खुल्ने कागजात र सुधारको कार्ययोजना ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदन जाँच गरी रजिष्ट्रारले छुट सुविधाको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

**५१. <u>संस्था संचालन अघि सहकारी सम्बन्धी अभिमुखिकरण तालिम लिनु पर्ने</u> :** (१) संस्था दर्ता प्रमाणपत्र प्राप्त गर्नु पूर्व संस्था दर्ताका लागि आवेदन गर्ने शेयर सदस्यहरुलाई सहकारी सम्वन्धी अभिमुखीकरण तालिम दिई सो को प्रमाण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तालिमको व्यवस्था विभाग र जिल्ला सहकारी संघहरुले समन्वय गरी विभागले तयार गरेको पाठ्यक्रमका आधारमा संचालन गरिनेछ । अभिमुखिकरण तालिमको खर्च प्रस्तावित संस्थाले व्यहोर्नु पर्नेछ ।

(३)सहकारी सम्बन्धी कुनै पनि तालिमको लागि स्थानिय तह, सहकारीका संघ वा गैर सरकारी संस्थाहरुले विभागसँग समन्वय गरी स्वीकृत पाठ्यक्रम बमोजिम मात्र तालिम संचालन गर्न गराउन प्रोत्साहन गरिनेछ ।

(४) संस्थाहरुले शिक्षा, सूचना र तालिम कोषको उपयोग गरी नियमित रुपमा सहकारी शिक्षा सम्बन्धी ज्ञान शेयर सदस्यहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) वार्षिक १ करोड भन्दा वढीको कारोवार गर्ने वचत तथा ऋण सहकारी संस्था र वचत तथा ऋणको कारोवार गर्ने वहुउद्देश्यीय सहकारी संस्थाका संचालक समिति र लेखा समितिका कम्तिमा ५० प्रतिशत पदाधिकारीहरुले संस्था व्यवस्थापन, सहकारी लेखापालन र लेखापरीक्षण सम्बन्धी तालिम लिनु पर्नेछ । संचालक समिति र लेखा समितिको नयाँ निर्वाचन भएको ३ महिना भित्र पालै पालो यस अघि तालिम नलिएका पदाधिकारीहरुलाई उपरोक्त तालिम लिने व्यवस्था संस्थाले मिलाउनु पर्नेछ ।

५२. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) तीन जना भन्दा बढी कर्मचारी भर्ना गर्नुपर्ने संस्था/संघले संगठन र व्यवस्थापन सर्वेक्षणका आधारमा साधारण सभाको स्वीकृतिमा कर्मचारी पद, संख्या र संगठनको ढाँचा निर्धारण गर्नुपर्नेछ ।

(२) कर्मचारी प्रशासन सम्बन्धी नियमावली साधारण सभाबाट पारित गराई मात्र लागु गर्न सकिनेछ । कर्मचारी प्रशासन सम्बन्धी नियमावली अनुसार मात्र भर्ना, नियुक्ति, बढुवा, दण्ड-सजाय र पुरस्कृत, सुबिधाहरु र अवकाश आदि सम्बन्धी काम गर्न सकिनेछ । नियमावलीको व्यवस्था नगरी वा नियमावली विपरित गरिएको कर्मचारी प्रशासन सम्बन्धी कार्यलाई विभागले खारेज गर्न सक्नेछ ।

(३) संघ र संस्थामा आवश्यक पर्ने कर्मचारीहरु स्थायी वा करारमा नियुक्ति गर्दा कर्मचारी प्रशासन नियमावलीमा व्यवस्था भएको प्रक्रिया पुऱ्याएर मात्र गर्न सकिनेछ ।

(४) संघ र संस्थाले आवश्यक संख्यामा मात्र कर्मचारी नियुक्ति गर्नु पर्नेछ । प्रचलित कानून बमोजिम नियुक्ति पत्र नदिई कुनै कर्मचारीलाई काममा लगाउन पाईने छैन ।

५३. **सम्पत्ति अन्य व्यक्ति वा निकायको नाममा राख्न नहुने**: संस्था/संघको सम्पत्तिहरु आफ्नै नाममा राख्नु पर्नेछ । सम्पत्तिहरु व्यक्ति वा अन्य कुनै निकायको नाममा राखेको पाइएमा जालसाजी वा ठगी गरेको अभियोगमा सम्बन्धित पदाधिकारी र निर्णयमा सहभागी पदाधिकारीहरुलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

५४. **नगद मौज्दातको सुरक्षित व्यवस्थापन गर्नु पर्ने** : (१) वचत तथा ऋणको कारोवार गर्ने प्रत्येक संघ/संस्थाले आफ्नो कार्यालयमा रहने न्यूनतम नगद मौज्दात, मार्गस्थल नगद र कारोवार काउन्टरको विमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विमा गरिएको भन्दा वढी रकम कार्यालयमा मौज्दात राख्न पाइने छैन ।

(३) नगद रकम बैंकमा जम्मा नगरी नगदै कारोवार गर्ने र कुनै संचालक वा शेयर सदस्य वा कर्मचारीले प्रयोग गर्न पाइने छैन ।

५५. **बचत तथा ऋणको वित्तिय कारोवार गर्ने संस्थाले गर्न नहुने कामहरु** : बचत तथा ऋणको वित्तिय कारोवार गर्ने संस्थाले ऐन तथा नियमावलीले बन्देज गरेका कामका अतिरिक्त देहायका कामहरु गर्नु गराउनु हुँदैन :-

(क) वासलत वाहिरको कारोवारहरु (जस्तै प्रतितपत्र, जमानत आदि),

(ख) सदस्यहरुलाई अधिविकर्ष (Overdraft) कर्जा प्रवाह,

(ग) व्यापारिक उद्देश्यले घर जग्गाको खरिद विक्रि तथा संचालकहरुको लगानीमा खोलिएको निजी उद्योग व्यवसायमा लगानी,

(घ) स्पष्ट नीति अनुसार गरिने लघु कर्जा कार्यक्रम बाहेक विना सुरक्षणमा कर्जा प्रवाह ।

(ङ) सुनचाँदी र शेयर प्रमाणपत्र धितो राखी कर्जा प्रवाह,

(च) चल्ति खाता संचालन गर्ने,

(छ) एकमुष्ट ३ वर्ष भन्दा बढी अवधिको आबधिक निक्षेप स्वीकार गर्ने,

(ज) विदेशी मुद्राको कारोवार वा मुद्रा विनिमय ।

**५६. सम्पत्ति शुद्धिकरण निवारण ऐन नियमको कार्यान्वयन** : (१) वित्तिय कारोवार गर्ने सहकारीका संघ संस्थाले प्रचलित सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन र नियमावलीमा भएका व्यवस्थाहरु अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

(२) वित्तिय कारोवार गर्ने संस्था/संघले आफ्ना प्रत्येक सदस्यको स्पष्ट रुपमा अभिलेख राख्नु पर्नेछ ।

(३) नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी इकाइमा पठाउनु पर्ने विवरण नियमित र निरन्तर रुपमा पठाउने व्यवस्थाका लागि प्रत्येक वित्तिय कारोवार गर्ने सहकारी संस्था र संघले संचालक समितिको निर्णय बमोजिम कार्यान्वयन अधिकृत तोक्नु पर्नेछ ।

(४) यस सम्बन्धमा सम्बन्धित निकायले गर्ने अनुसन्धान वा माग गरेको विवरणहरु उपलब्ध गराई नियमन गर्ने कार्यमा सहयोग गर्नु सबै संस्था/संघको कर्तव्य हुनेछ ।

**५७. सहकारी संस्थाहरुको विषयको पहिचान :** विभागले सहकारी संस्थाहरुको दर्ता ऐनको अनुसूची-३ ( दफा १७ सँग सम्बन्धित) बमोजिमका विषयहरुमा मात्र गर्न सक्नेछ ।

**५८. संस्था वा संघ एकिकरण सम्बन्धी व्यवस्था :** (१) ऐनको दफा ६९ तथा नियमावलीको नियम २० र २१ को अधीनमा रही संस्था वा संघको एकिकरण गरिनेछ ।

(२) एकै प्रकृति वा फरक प्रकृतिको भए तापनि सहकारी संस्थाहरुको एकिकरण गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम फरक प्रकृति तर एकै विषयमा प्रतिस्पर्धा नभएका सहकारी संस्थाको एकीकरण पूर्व रजिष्ट्रारको स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएता पनि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको अनुदान प्राप्त गरेका सहकारी संस्थाको हकमा अनुदानको उद्देश्य अनुरुप उपयोग नगरेको पाइएमा फरक प्रकृति कायम हुने गरी संस्था एकीकरणको लागि स्वीकृति प्रदान गरिने छैन ।

**५९. संस्था विभाजन सम्बन्धी व्यवस्था :** ऐनको दफा ६९ तथा नियमावलीको नियम २२ को अधीनमा रही एक संस्था दुइ वा दुई भन्दा वढी संस्थाहरुमा विभाजन गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ :-

(क) विभाजन हुन चाहने सम्बन्धित संस्थाको साधारण सभाको दुई तिहाइ वहुमतबाट संस्था विभाजन गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ख) साधारण सभाबाट संस्थाको विभाजन गर्ने निर्णय गर्दा देहायका विषय खुलाउनु पर्नेछः–

(१) कति जना सदस्यहरु संस्थाबाट अलग हुने हुन सो को नाम नामेसी र निजहरुले लिएको शेयर रकमको विवरण,

(२) संस्थाको विनियम बमोजिमका कोषहरुका छुट्टाइएको रकमको बाँडफाँड सम्बन्धी विवरण,

(३) संस्थाको नाफा नोक्सानको बाँडफाड सम्बन्धी विवरण,

(४) संस्थाको सम्पत्ति तथा दायित्व बाँडफाँड सम्बन्धी विवरण,

(५) अन्य आवश्यक विवरण ।

(ग) खण्ड (क) बमोजिमका विवरण समावेश भएको साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि र खण्ड (ख) बमोजिमको प्रतिवेदन समेत संलग्न गरी विभागमा नयाँ संस्था दर्ताको लागि आवेदन पेश गर्नु पर्नेछ,

(घ) खण्ड (ग) बमोजिम संस्था दर्ताका लागि आवेदन परेमा संस्था दर्ता गर्दा अपनाउनु पर्ने प्रक्रिया पुरा गरी सहकारी कानून र मापदण्डको अधिनमा रही नयाँ संस्था दर्ता गरिनेछ । त्यसरी दर्ता गर्दा सो संस्था मुख्य संस्थाबाट विभाजित भएको पहिचान खुल्ने व्यवस्था गर्नु पर्नेछ ।

६०. **सहकारीका सिद्धान्त र मुल्य :** अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेको र विश्वव्यापि रुपमा प्रयोगमा ल्याइएका सहकारीका सिद्धान्त र मूल्यहरुको पालना गर्नु सबै संस्था र संघका निर्वाचित तथा नियुक्त पदाधिकारीहरु एवं प्रत्येक सदस्यहरुको प्रमुख कर्तव्य हुनेछ । अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेका सहकारीका सिद्धान्त र मुल्यहरु अनुसूची-८ मा उल्लेख गरिएको छ ।

६१. **बचाउ** : (१) यस अघि मन्त्रालयबाट जारी गरिएका निर्देशन तथा भए गरेका काम कारबाहीहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

(२) सहकारी संघ/संस्थाका संचालक समितिले यस मापदण्डमा गरिएको व्यवस्थाहरुको पालनाका लागि मापदण्ड जारी भएपछि बस्ने साधारण सभामा विनियम संशोधनका लागि प्रस्ताव पेश गरी पारित गराई कार्यान्वयन गराउनु पर्नेछ । साधारण सभाबाट विनियम परिमार्जन नगरेमा विनियममा गरिएको व्यवस्थाहरु यस मापदण्डसँग बाझिएमा मापदण्डका आधारमा विवादको निराकरण गरिनेछ ।

| |
|---|
| रु १० को<br>हुलाक टिकट |

**अनुसूची-१**

*(दफा ९ (६) सँग सम्बन्धित)*

# उम्मेदवारी दरखास्त

विषय: उम्मेदवारी दर्ता गरि दिने ।

श्री निर्वाचन अधिकृत
निर्वाचन उपसमिति, ........................................................ ।

........................को सञ्चालक/लेखा समितिको ............................. पदमा निर्वाचित भई संस्थाको सेवा गर्ने इच्छा भएकोले मिति ...................मा सम्पन्न हुने निर्वाचनमा उम्मेदवार बन्न यो दरखास्त पेश गरेको छु । म बाहेक यस संस्थाको संचालक र लेखा समितिको कुनै पनि पदमा मेरा नातेदार उम्मेदवार नभएको, म यस प्रकृतिको अन्य कुनै संस्थाको संचालक र लेखा समितिको पदमा कार्यरत नरहेको, यस संस्थामा मैले निरन्तर रुपमा मिति.................देखी सदस्य भई हालसम्म संस्थाको नीति कार्यक्रम अनुसार सदस्यको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरि आएको, संस्थाको भाखा नाघेको साँवा व्याज भुक्तान गर्न र म्याद भुक्तान भएका बुझाउन बाँकी कुनै रकम नरहेको, हाल पनि संस्थाले कारोवार गर्न अनुमति प्राप्त गरेको भौगोलिक क्षेत्रमा स्थायी बसोबास रहेको, बैंक तथा वित्तिय कारोवारमा कालो सूचीमा नाम नपरेको र सहकारीको प्रचलित कानुन तथा सहकारीका विश्वव्यापी मान्यता प्राप्त मूल्य र सिद्धान्तका वारेमा म जानकार रहेको हुँदा मेरो उम्मेदवारी स्वीकृत हुन समेत अनुरोध गर्दछु ।

सहकारी ऐन, नियम, सहकारी विभागबाट जारी मापदण्ड र संस्था/संघको विनियम विपरित मेरो उम्मेदवारी भएमा सोही बमोजिम उम्मेदवारी खारेज भएमा मेरो कुनै आपत्ति छैन ।

**निवेदक**

दस्तखतः

उम्मेदवारको नाम थर :

ठेगाना र सम्पर्क फोन नम्बर :

मतदाता क्रम संख्या :

**प्रस्तावक**

दस्तखतः

प्रस्तावकको नाम थर :

मतदाता क्रम संख्या :

**समर्थक**

दस्तखतः

समर्थकको नाम थर ::

मतदाता क्रम संख्या :

---

यो दरखास्तपत्र मिति........... का दिन ........ बजे श्री................. ले मेरो समक्ष प्रस्तुत गर्नु भएको व्यहोरा प्रमाणित गर्दछु ।

दस्तखत :

निर्वाचन अधिकृत

अनुसूची - २

(दफा ११ (क) संग सम्बन्धित)

## लेखा समितिको वार्षिक प्रतिवेदन

सहकारी संस्थाको नाम, ठेगानाः ........... आ.व. ..........

१. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :

२. आ.व. .......... मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :

३. ऋण लागानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :

४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :

५. सहकारी विभाग, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :

६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :

  ६.१ पारिश्रमिक :

  ६.२ भत्ता :

  ६.३ अन्य सुविधाहरु :

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :

  ७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको :

  ७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको :

  ७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको :

७.४ कार्यरत कर्मचारीहरु र कार्यवोझ बीच तादम्यता रहेको/नरहेको :

७.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण :

७.६ कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या :

७.६.१ करार :

७.६.२ अस्थायी :

७.६.३ स्थायी :

८. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :

९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

१०. लेखा समितिको सुझावहरु :

१०.१

१०.२

लेखा समितिको संयोजक ................ दस्तखत

लेखा समितिको सदस्य ................ दस्तखत

लेखा समितिको सदस्य ................ दस्तखत

अनुसूची - ३

(दफा १६ संग सम्बन्धित)

# सहकारी संघ संस्था दर्ता गर्दा पालना गर्नुपर्ने प्रावधानहरु

ऐनको को दफा ३, ४, ५, ६, ७ र ८ को प्रयोजनका लागि सरोकारवालाहरुले संस्था दर्ताका लागि पेश गरेका कागजातमा देहायका कुराहरु उपर विचार गरी रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले दर्ता स्वीकार वा अस्वीकार गर्न सक्नेछ । दरखास्त साथ निर्दिष्ट प्रक्रिया पुग्नको लागि निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ :–

१. प्रस्तावित संस्थाको तदर्थ समितिको अध्यक्षले दस्तखत गरेको प्रदेश सहकारी नियमावली, २०७६ को अनुसूची-१ बमोजिमको ढाचाको रु. १०।- को टिकट टाँस भएको निवेदन ।

२. प्रस्तावित संस्थाको २ प्रति सक्कलै विनियम । बिनियमको प्रत्येक पृष्ठको शिर पुछारमा तदर्थ संचालक समितिका प्रत्येक पदाधिकारीले सही गरेको हुनुपर्नेछ ।

३. तदर्थ संचालक समितिका पदाधिकारीहरुले प्रत्येक पृष्ठमा हस्ताक्षर गरेको प्रस्तावित संस्थाको २ प्रति कार्ययोजना ।

४. प्रथम र दोश्रो प्रारम्भिक भेलाले गरेको निर्णयको तदर्थ समितिको अध्यक्षले प्रमाणित गरेका प्रतिलिपिहरु १/१ प्रति ।

५. संस्थाको हकमा आवेदन गर्ने कम्तिमा भिन्न परिवारका ३० (बचत तथा ऋणको कारोबार गर्ने संस्था बाहेक) जना व्यक्तिहरुको तिनपुस्ते विवरण, आवेदक सदस्यहरुले लिएको शेयरको संख्या, रकम खुलेको विवरण र हस्ताक्षर संलग्न भएको निर्धारित ढांचाको विवरण ।

६. संस्था दर्ता सम्बन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दस्तखत नमूना सहित आवेदक सबैले हस्ताक्षर गरेको सक्कल अधिकारपत्र ।

७. प्रारम्भिक भेलाको निर्णय अनुसार शेयर र प्रवेश शुल्क वापत उठेको रकम तदर्थ समितिको कुनै पदाधिकारीको नाममा नजिकको कुनै बैंकमा जम्मा गरेको भौचर र रकम जिम्मा लिने व्यक्तिले गरेको सक्कल भपाई (बैंकिङ्ग सुविधा उपलब्ध नभएको ठाउँको हकमा भर्पाई मात्र पनि पेश गर्न सकिने) शेयर र प्रवेश शुल्क वापतको रकम संस्थाको आफ्नै खातामा जम्मा नगरिए सम्म प्रयोगमा ल्याउन पाइने छैन । यसका लागि सहकारी विभागवाट संस्थाको नाममा रकम नसारेसम्म आवश्यकता अनुसार शर्तनामा गराउने वा बैंक खाता रोक्का समेत गर्न गराउन सकिनेछ ।

८. संकलित शेयर पूँजीको रकम कुल शेयर पूँजीको कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ । सो सीमा भित्र नरहेमा सहकारी विभागले संकलित शेयर पूँजीको आधारमा कूल शेयर पूँजी कायम गर्न सक्नेछ ।

९. आवेदकहरुले निवेदन साथ प्रस्तावित संस्थाको संभाव्यताको अध्ययन प्रतिवेदन पेश गर्नु पर्नेछ । संभाव्यताको अध्ययन प्रतिवेदनमा निम्न कुराहरु समावेश हुनुपर्नेछ :-

   क) प्रस्तावित कार्यक्षेत्रमा त्यस्तो प्रकृतिको संस्थाको आवश्यकताको पहिचान,

   ख) कार्यक्षेत्र भित्र बसोबास गर्ने अनुमानित जनसंख्या,

   ग) संस्था मार्फत पेशा व्यवसाय संचालन गर्नका लागि आवश्यक पूंजीका श्रोतहरु,

   घ) व्यावसायिक संभाव्यता,

   ङ) प्रस्तावित संस्था संचालनका लागि चाहिने जनशक्ति,

च) सेवा पुऱ्याउन सकिने सदस्यहरुको अधिकतम संख्या,

छ) उक्त कार्यक्षेत्रमा रहेका समान प्रकृतिका संस्थाहरुको संख्या,

ज) पहिले स्थापना भई सकेका समान प्रकृतिका संस्थाहरुमा संलग्न हुन नसकिने कारण र संलग्नताका लागि गरिएको प्रयास,

झ) बजारको स्वरुप, संस्थाको भावी कार्यक्रम तथा लक्षित समूह, संस्थाको संस्थागत विकासका स्पष्ट आधारहरु ।

१०. तदर्थ संचालक समितिका पदाधिकारीहरुको हालसालै खिचेको फोटो र हस्ताक्षर सहितको ३ पुस्ते विवरण ।

११. आवेदकहरुको निम्न विषयहरु समेटिएको निर्धारित ढांचामा हस्ताक्षर सहितको स्वघोषणाको पत्र

क) पहिले कुनै अन्य सहकारी संस्थामा संलग्न रही रकम हिनामिना गरी कारवाहीमा नपरेको,

ख) बैंक, बित्तीय संस्थाको कारोबारमा कालो सूचीमा नपरेको, तर महानगरपालिका र उपमहानगरपालिका भित्र बचत तथा ऋण सहकारी संस्था दर्ता गर्न चाहने सदस्यहरुले अन्य बैङ्क तथा वित्तिय संस्थाबाट कर्जा लिई कर्जा चुक्ता नगरेको कारणले कर्जा सुचना केन्द्र लिमिटेडको कालो सुचिमा नपरेको भन्ने सम्बन्धमा उक्त केन्द्रमा विभागले बुझी दर्ताको कारवाही अगाडी वढाउनेछ ।

ग) प्रस्तावित आवेदकहरु सोही जिल्ला भित्र रहेका समान प्रकृतिको अर्को संस्थामा सदस्य नरहेको,

घ) प्रस्तावित संस्थाको प्रकृतिको अन्य सहकारी संस्थाको संचालक वा पदाधिकारीको रुपमा आवद्ध नभएको,

ङ) सहकारीको मूल्य मान्यता, सिद्धान्त एवं सहकारी ऐन नियम तथा संस्थाको स्वीकृत विनियम बमोजिम सहकारी संस्था संचालन गर्न मञ्जुर भएको ।

१२. सहकारी विभागले संस्था दर्ता गर्दा अपनाउने कार्यविधिहरु :-

क) आवश्यक कागजात सहित सबै विवरण स्पष्ट भएको पाइएमा दरखास्त लिई दर्ता प्रक्रिया अघि बढाउने, सबै प्रमाणका प्रतिलिपिहरु हालसालै प्रमाणित गरिएको हुनुपर्नेछ ।

ख) प्राप्त दरखास्त विभाग प्रमुख वा निजले तोकेको कर्मचारीले जांच गरी सकेपछि मात्र विभागमा दर्ता गरी प्रक्रियामा राखिनेछ ।

ग) कागजात नपुग भएमा वा कुनै प्रक्रिया पूरा भएको नपाइएमा सो पूरा गरी पेश गर्न आवेदकहरुलाई जानकारी गराउने ।

घ) सहकारी संघ संस्था दर्ता गर्न निवेदन साथ पेश गर्नु पर्ने कागजात र दर्ता प्रक्रियाको बिषय समेत समाबेश गरी सहकारी विभागमा सवैले देख्ने गरी नागरिक बडापत्र राख्ने र बडापत्रको प्रकाशन गरी सहकारी विभागले सेवाग्राहीलाई उपलव्ध गराउनु पर्नेछ ।

ङ) संस्था दर्ताको लागि पेश भएका कागजातहरुको अध्ययन र दर्ता गर्न आउने प्रस्तावित संस्थाका पदाधिकारीहरुसंग जानकारी लिदा पेश भएका विवरण र कागजातको अतिरिक्त दर्ता गर्ने अधिकारीले थप कुरा बुझ्न आवश्यक देखेमा स्थलगत अध्ययन (नगर क्षेत्रमा अनिवार्य गरी गराई थप जानकारी लिन सक्नेछ ।

च) नगरपालिका,उपमहानगरपालिका,महानगरपालिका क्षेत्र भित्र दर्ता हुने प्रस्तावित सहकारी संस्थाको तर्फवाट पेश भएको संभाव्यता अध्ययन प्रतिवेदनको आधारमा स्थलगत अध्ययन गरी प्रतिवेदन पेश भएपछि मात्र संस्था दर्ता प्रक्रिया अघि बढाइनेछ । स्थलगत अध्ययनमा खटिने कर्मचारीलाई आवश्यक सूचना तथा विवरण उपलब्ध गराउने जिम्मेवारी प्रस्तावित संस्थाका सबै आवेदकहरुको हुनेछ ।

छ) स्थलगत अध्ययन प्रक्रियामा सम्बद्ध सरकारी निकाय, स्थानिय तह वा आवेदकहरु आबद्ध रहेको वा कार्यरत रहेको निकायसंग आवश्यकता अनुसार सम्पर्क वा पत्राचार गरी पेश गरिएका विवरणको आधिकारिकताको जांच एवं संस्था दर्ताको प्रक्रिया पुरा गर्न आवश्यक राय लिन सकिनेछ ।

ज) सहकारी संस्था दर्ता गर्दा प्रत्यायोजित अधिकार क्षेत्र भित्र रही विगतमा दर्ता भएका, विषयगत क्षेत्र स्पष्ट भएका संस्थाहरु सहकारी विभागले उल्लेखित प्रक्रिया पूरा भएको पाइएमा सोझै दर्ता गर्नेछ ।

झ) माथि उल्लेखित प्रक्रिया नपुगेका आवेदनहरु अस्वीकार गर्न सकिनेछ ।

अनुसूची - ४

# लेखा परीक्षकले लेखा परीक्षण गर्दा तयार पार्नु पर्ने लङ्गफर्म प्रतिवेदन

(दफा ३५(क) संग सम्बन्धित)

१. संस्थाको नाम ठेगाना :

२. कार्यक्षेत्र :

३. कूल सदस्य संख्या :

(३.१) महिलाको संख्या :

(३.२) पुरुषको संख्या :

४. कर्मचारीको संख्या :

५. कूल चुक्ता शेयर पूँजी रु.

६. कूल वचत संकलन रु.

गत आ.व. को बाँकी :

यस आ.व. मा संकलन :

यस आ.व.मा फिर्ता :

फिर्ता गर्न बाँकी :

७. कूल ऋण लगानी रु.

गत आ.व.मा लगानीमा रहेको रकम :

चालु आ.व. को लगानी :

चालु आ.व. को असुली :

यस आ.व. लगानीमा रहेको रकम

८. ऋण लगानीका प्रमुख ४ क्षेत्रहरु र रकम :

| लगानीको क्षेत्र | रकम | व्याज दर |
|---|---|---|
| ............................................ | रु...................... | |
| ............................................ | रु...................... | |
| ............................................ | रु...................... | |
| ............................................ | रु...................... | |

अन्य रु.....................

९. लिने दिने व्याज दर बीचको औसत फरक (%) :

१०. वचत तथा ऋण नीति वा निर्देशिका भएको नभएको :

११. लेखा समिति प्रभावकारी भए नभएको :

प्रभावकारी भए मापदण्ड वमोजिम काम गरेको छ वा छैन :

१२ संचालक, लेखा समिति र प्रमुख व्यवस्थापकहरुमा नाता गोता भित्रका व्यक्तिहरु भए/नभएको :

१३. ऋण लगानीमा कुनै सेवा शुल्क लिने गरेको/नगरेको :

लिएको भए दर उल्लेख गर्ने :

१४. संचालक, लेखा समिति र प्रमुख व्यवस्थापकले लिएको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरु खुलाउने :

१५. कार्यक्षेत्र वाहिरका व्यक्ति तथा निकायहरु संग वचत तथा ऋणको कारोवार गरे नगरेको :

गरेको भए कार्यक्षेत्र वाहिरका : व्यक्तिहरुको संख्या : निकायहरुको संख्या:

वचत रकम : लगानी रकम :

१६. नियमानुसार शेयर पूँजीको १८% भन्दा वढी हुने गरी अन्य कुनै शिर्षकवाट शेयरधनीहरु लाई रकम वाँडेको/नवाँडेको, वाँडेको भए कुन शिर्षकमा कति खर्च गरियो ?

..............................................................................

१७. ऋण वा शेयर वापत लगानी गरिएको निकायमा संचालकहरुको संलग्नताको अवस्था :

..................................................................................

१८. अन्य कारोवारहरु :

(१).....................

(२) .................

१९. संचालकहरु अन्य वित्तिय वा व्यवसायिक निकायको संचालक पदमा रहेको भए उक्त निकायको नाम र पद :

२०. संचालक, लेखा समिति सदस्य र उपसमिति सदस्यहरु अन्य समान प्रकृति सरहको समान कार्य गर्ने संस्थामा पदाधिकारी वा कर्मचारी रहे नरहेको :

(क) संचालक रहेको ..........

(ख) लेखा समितिमा रहेको ............

(ग) उप समितिमा रहेको ...........

२१. संचालकहरु वित्तिय निकाय वा सहकारी निकाय वा अन्य निकायको कर्मचारी रहे नरहेको र विभागीय स्वीकृति लिए नलिएको :

रहेको संस्थाको नाम :

नरहेको :

स्वीकृति लिएको ........... नलिएको .............

२२. ढुकुटीमा रहेको मासिक औसत नगद रकम :

| साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | बैशाख | जेठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

२३. विमाको रकम रु ............. म्याद अवधि ............

२४. समग्रमा यस संस्थाले सहकारी विभागले जारी गरेको.....................मापदण्ड, २०७७ वमोजिम त्रुटिहरु गरेको/नगरेको ।

गरेको भए बुँदागत रुपमा उल्लेख गर्ने :

(१).........................................

(२).........................................

(३)......................................

२५. लेखा व्यवसायी फर्म र त्यसका साझेदारहरुले आंफु स्वतन्त्र रहेको साथै लेखापरीक्षणको सिलसिलामा अपनाउने मानहरु, लेखापरीक्षण टोली, लेखापरीक्षण प्रक्रिया र तरीकाको बारेमा छोटकरीमा उल्लेख, नमूना छनौट प्रक्रिया तथा नमूना आकार आदीको बारेमा उल्लेख गर्नु होस् :

२६. लेखा परिक्षकले ऋणीको credit appraisal तथा ऋण अनुगमन तथा ऋण असूली प्रणाली सम्बन्धी आफनो राय :

२७. लेखा परिक्षकले आन्तरीक नियन्त्रण प्रणालीको प्रभावकारीताका सम्बन्धमा ऋण व्यवस्थापन, खर्च तथा स्थिर संपत्ती उपर नियन्त्रणको पर्याप्तता आदि का सम्बन्धमा आफनो राय:

अनुसूची - ५

(दफा ३७ (१) संग सम्बन्धित)

# अनुगमन फारम

१) सहकारी संस्थाको नाम :-

२) दर्ता नं :- मिति :- दर्ता भएको विभाग :-

३) ठेगाना :-

४) शेयर पूँजी :- (प्रति शेयर रु :- )

५) कार्यक्षेत्र :-

६) संचालक समितिको सदस्य संख्या :- (कार्यकाल :- बर्ष) (बैठक भत्ता :-रु. )

७) कर्मचारी संख्या :- (बजार प्रतिनिधि :- ) नियुक्ति दिए/नदिएको :-

८) सफ्टवेयर :-

९) शेयर सदस्य संख्या :-

| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |
|---|---|---|---|

१०) निक्षेपकर्ताहरुको संख्या

| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |
|---|---|---|---|

११) ऋणीहरुको संख्या

| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |
|---|---|---|---|

१२) संस्थाको प्रारम्भिक साधारण सभा भएको मिति :-

कुल सदस्य संख्या :-

उपस्थित सदस्य संख्या :

✍ पछिल्लो साधारण सभा भएको मिति :

कुल सदस्य संख्या : ...............

उपस्थित सदस्य संख्या : ................

✍ पछिल्लो संचालक समिति निर्बाचन मिति :-

निर्बाचन समितिको चयन :-

✍ साधारण सदस्यहरुलाई सभाको सुचना दिने माध्यम र प्रक्रियाः-

१३) संस्थाले तयार पारेको कार्य संचालन नियमाबलीहरु, नीतिहरु, कार्यबिधिहरु :-

⇉ ⇉

⇉ ⇉

⇉ ⇉

१४) संस्थाले गठन गरेको उप समितिहरु :-

☑ ☑

☑ ☑

१५) पछिल्लो साधारण सभाबाट पारित भएका बिषयहरु :-

⏩ ⏩

⏩ ⏩

⏩ ⏩

१६) संस्थाको बर्तमान कर्जा प्रकृति वा किसिमहरु (ब्याजदर सहित) :-

| शिर्षक | दर | शिर्षक | दर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१७) संस्थाको बर्तमान निक्षेपका प्रकारहरु (ब्याजदर सहित) :-

| शिर्षक | दर | शिर्षक | दर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१८) निम्न कारोवारहरु गरे नगरेको :- सुनचाँदी कर्जा, गल्ला कर्जा, चल्ती खाता, ओ.डी.कर्जा, आफ्नै शेयरको सुरक्षणमा ऋृण लगानी, घर जग्गा किनबेच :

१९) ऐन नियममा तोकिए वमोजिमका सम्वन्धित विभागमा पठाउने गरेको विवरणहरु :-

- 
- 
- 
- 

२०) खुद बचत/नाफाको कम्तिमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरे नगरेको ☐

२१) शेयर पुँजीको बढिमा १८ प्रतिशत लाभांश वितरण गरे नगरेको

२२) संस्थाले कुनै प्रकारको चन्दा, आर्थिक सहयोग प्रदान गरे नगरेको

२३) एउटै लेखापरीक्षक लगातार ३ पटक भन्दा बढी नियुक्ति भएको छ छैन ?

२४) संस्थाको कूल चुक्ता शेयरपूँजीको २० प्रतिशत भन्दा वढी एउटै ब्यक्ति वा निकाय विशेष (सरकारी समेत) लाई शेयर विक्रि भएको छ ☐ छैन ☐

२५) संस्थाले कर्जामा लिने सेवाशुल्क लगायतका अन्य अतिरिक्त रकमहरु :-

(क) सेवा शुल्क ☐

(ख) नवीकरण शुल्क ☐

(ग) हर्जाना ☐

२६) संस्थाको निक्षेप र कर्जा वीचको ब्याजदर अन्तर :-

२७) कर्जा तथा सापटमा पाकेको व्याज नगद प्राप्ति Cash Basis को आधारमा आम्दानी जनाएको र निक्षेपमा प्रदान गर्ने व्याज Accural Basis मा लेखांकन गरेको छ ☐ छैन? ☐

२८) संस्थाको कूल पूँजी कोषको १०% भन्दा बढी एक व्यक्तिलाई ऋृण लगानी भएको छ ☐ छैन ☐

२९) वचत तथा ऋण नीति तयार गरी पालना गरे ☐ नगरेको ☐ अन्य ☐

३०) संचालक र लेखा समिति सदस्यका उम्मेदवारहरुले मनोनयनका साथमा शेयर प्रमाणपत्रको प्रतिलिपि, कार्यक्षेत्रभित्र स्थायी बसोवास गरेको प्रमाण, संस्थासंग कुनै बक्यौता नरहेको प्रमाण, कर्जा कालोसुचिमा नपरेको स्व-घोषणा आदि कागजात पेश गरे ☐ नगरेको ☐

३१) संचालक समिति निर्बाचित भएको मितिले १५ दिनभित्र संचालकहरुको फोटो र तीन पुस्ते सहितको २ प्रति विबरण पेश गरे नगरेको :

३२) संस्थाले ऋण उपसमितिको सिफारीसमा ऋण लगानी गरे नगरेको :

३३) सदस्यहरुलाई कारोवारी, साधारण र संस्थापक भनि बिभेद गरे नगरेको :

३४) साधारण सभा सम्पन्न भएको १५ दिन भित्र लेखापरीक्षण प्रतिबेदन, अध्यक्षले प्रमाणीत गरेको सभाका निर्णयको प्रतिलिपि, सदस्यहरुको उपस्थिति विबरण विभागमा पेश गरे नगरेको :

३५) तोकिए बमोजिम कर्जा नोक्सानी ब्यवस्था गरे नगरेको :

३६) संचालक समिति, लेखा समिति, ऋण उप समिति सदस्यहरुले संस्थाबाट लिएको कर्जाको विबरण चौमासिक रुपमा विभागमा पेश गरे नगरेको :

३७) संस्था दर्ता हुँदाका बखतका बाहेक अन्य सदस्यहरुका हकमा सदस्य बनेको तीन महिना नियमित बचत गरेपछि मात्र ऋण लगानी गर्नुपर्ने पालना भए नभएको :

३८) विनियमको परिधि भित्र रही विभिन्न कोषहरुमा रकम बाँडफाँड गरेको छ छैन :

३९) संचालकहरुले संस्थाबाट उपभोग गरिरहेको बित्तिय तथा अन्य सुबिधाहरु :-

४०) संस्थाबाट कर्जा प्रवाह गर्दा माग गरिने कागजातहरु, धितो मुल्यांकन लगायत अन्य प्रक्रियाहरु :-

४१)   पछिल्लो आन्तरिक र बाह्य लेखापरीक्षकहरुका मुल कैफियतहरु :-

४२)   ऋण स्वीकृत गर्ने अख्तियारी कसलाई दिइएको छ ? र कसरी दिइएको छ ?

४३)   कर्जा तथा निक्षेपको ब्याजदर परिबर्तन भएको सुचना सदस्यहरुलाई कसरी दिईन्छ ?

४४)   संस्थाको प्रचलित बिनियम बमोजिम संचालक समितिको बैठक बस्ने गरे नगरेको

४५)   संस्थाले साधारण जगेडा कोष बाहेकका कोषहरु तिनको उद्देश्य अनुसार उपयोग गर्ने गरे नगरेको

४६)   संस्थाले कर्जा प्रवाह, निक्षेप संकलन र शेयर बिक्रिका लागि बिज्ञापन गर्ने गरे, नगरेको

४७)   नगद रकमको ढुकुटी, काउन्टर तथा मार्गस्थ बीमा गरे/नगरेको (गरेको भए, बीमा रकम र  म्याद):-

४८)  नगदको विबरण खुल्ने Cash Book, Day Book राख्ने गरे नगरेको, नगदको जिम्मेवारी बांडफांड गरे नगरेको, ढुकुटीबाट कारोवारका लागि नगद झिक्दा/राख्दा सो को विबरण राख्ने गरे नगरेको, ढुकुटीको सांचोको जिम्मेवारी क्यासियर र ब्यवस्थापकले लिने गरे नगरेको ।

४९)   संस्थाले समानान्तर सहकारी संस्थाहरुसंग शेयर, निक्षेप र कर्जा/सापटी कारोवार गरेको भए त्यसको विबरण :-

५०)   संस्थाका बर्तमान संचालकहरु समानान्तर सहकारी संस्था, बैंक तथा बित्तिय संस्थाको संचालक पदमा समेत बहाल भएको भए त्यसको विबरण :-

(५१)  सम्पत्ति शुद्धिकरण सम्बन्धी व्यवस्थाको पालना

(क) भएको ☐

(ख) नभएको ☐

(५२) लेखा समितिको पदाधिकारीको शैक्षिक योग्यतासम्बन्धी विवरण खुलाउने :-

(५३) पाँच लाख भन्दा बढीको ऋण लगानीमा धितो लिए ☐ नलिएको ☐

(५४) आफ्नो सदस्यको पहिचान विवरण (Know Your Customer) फारम बनाइ विवरण राखेको ☐ नराखेको ☐

(५५) तोकिएको सीमा भन्दा बढीको वित्तीय कारोबारको अभिलेख राखी वित्तीय जानकारी इकाइमा पठाएको/नपठाएको

(क) अभिलेख राखेको ☐ नराखेको ☐

(ख) पठाएको ☐ नपठाएको ☐

(५६) संस्था/संघले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी आन्तरिक नीति तथा कार्यविधि जारी गरेको ☐ नगरेको ☐

उल्लेखित विषयहरु तथा जानकारी यस संस्थाको आधिकारिक व्यक्ति/व्यक्तिहरुसंग संकलन भएको हो भनि सहि गर्ने

आधिकारिक व्यक्तिको नाम :

हस्ताक्षर :

| निरीक्षण टोलीको नाम | पद | हस्ताक्षर |
|---|---|---|
| • | | |
| • | | |
| • | | |

मिति :

अनुसूची - ६

(दफा ४१ (ख) संग सम्बन्धित)

## उजुरी निवेदन पत्रको ढाँचा

| |
|---|
| रु १० को<br>हुलाक टिकट |

**मिति :**.........................

श्रीमान् रजिष्ट्रारज्यू,
प्रदेश सहकारी विभाग,
बागमती प्रदेश, हेटौँडा, मकवानपुर ।

विषय : उजुरी सम्बन्धमा ।

**१. विषयको संक्षिप्त व्यहोरा :** ( उजुरीसँग सम्बन्धित सहकारी संस्थाको नाम, ठेगाना वा सदस्यको नामथर, ठेगाना, लेनदेन भएको रकम (अंक र अक्षर दुवैमा), मिति र शर्तहरुको बारेमा खुलाउने )

**२. विवाद/उजुरीलाई पुष्टि गर्ने कागजात/प्रमाणबारे व्याख्या :** (प्रकरण नं ४ मा उल्लेख गरिएका प्रमाणहरुको व्याख्या/आधिकारिकता खुल्ने गरी सिलसिलेबार रुपमा उल्लेख गर्ने )

**३. हनन् भएको अधिकार, क्षतिको विवरण र प्राप्त गर्नुपर्ने उपचार :** (के कति कारणले आफ्नो अधिकार हनन् भयो, सो बाट भएको क्षतिको विवरण, प्राप्त गर्नुपर्ने उपचार खुलाउने )

**४. संलग्न प्रमाण/कागजातको प्रतिलिपि :** मापदण्डको दफा ४१ को उपदफा (२) सँग सम्बन्धित प्रमाणहरु क्रमैसँग उल्लेख गर्ने

(क)..................................................

(ख)..................................................

(ग)..................................................

(घ) अन्य

**निवेदक**

संस्थाको नाम /सदस्यको नामथरः............................

ठेगानाः..........................

सम्पर्क नंः..........................

अनुसूची-७

(दफा ४६ (२) संग सम्बन्धित)

**(बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले महिना भुक्तान भएको ७ (सात) दिन भित्र अनिवार्य रुपमा भरी विभागमा पेश गर्नु पर्ने मासिक विवरण)**

श्री ..............................................................विभाग,

.......................................... ।

२०६.... साल ............... महिनाको कारोवारको विवरण देहाय बमोजिम भएको ब्यहोरा पेश गरेको छु ।

....................................

कार्यकारी प्रमुख/अध्यक्षको नाम र हस्ताक्षर

सहकारी संस्थाको नाम :

ठेगाना :

सम्पर्क नं. :

रु लाखमा

| **क.स.** | **विवरण** | **संख्या** | **गत महिना सम्म** | **यस महिना** | **जम्मा** |
|---|---|---|---|---|---|
| १ | शेयर पुँजी | | | | |
| २ | जगेडा कोष | | | | |
| ३ | अन्य कोषहरु | | | | |
| ४ | कुल बचत रकम | | | | |
| | ४.१ गत आ.व.को वचत वांकी | | | | |
| | ४.२ वचत संकलन | | | | |
| | ४.३ वचत फिर्ता | | | | |
| | ४.४ फिर्ता गर्न वांकी वचत | | | | |
| ५ | लिएको ऋण | | | | |
| | ५.१ लिएको ऋण | | | | |
| | ५.२ तिरेको ऋण | | | | |
| | ५.३ तिर्न वाँकी ऋण | | | | |
| ६ | दायित्व हिसाव | | | | |
| ७ | अन्य दायित्व | | | | |
| | **जम्मा दायित्व** | | | | |
| १ | नगद मौज्दात | | | | |
| २ | वैंक मौज्दात (मुद्दती र आवधिक निक्षेप समेत): | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १.१ "क" वर्गको वैंक तथा वित्तिय | | | | |
| | १.२ "ख" वर्गको वैंक तथा वित्तीय संस्थामा | | | | |
| | १.३ "ग" वर्गको वैंक तथा वित्तीय संस्थामा | | | | |
| | १.४ "घ" वर्गको वैंक तथा वित्तीय संस्थामा | | | | |
| | १.५ "ङ" सहकारी वैंक | | | | |
| | १.६ वचत तथा ऋण केन्द्रीय सहकारी संघ | | | | |
| ३ | **लगानी :** | | | | |
| | ३.१ मुद्धती हिसाव | | | | |
| | ३.२ शेयर लगानी | | | | |
| | ३.३ व्यापारिक लगानी | | | | |
| ४ | **सदस्यहरुलाई गएको कर्जा/ऋण** | | | | |
| | **४.१ गत आ.व.को लगानीमा रही रहेको** | | | | |
| | ४.१.१ भाखा ननाघेको | | | | |
| | ४.१.२ एक वर्षसम्म भाखा नाघेको | | | | |
| | ४.१.३ एक वर्ष भन्दा वढी भाखा नाघेको | | | | |
| | **४.२ यस वर्ष ऋण लगानी** | | | | |
| | **४.३ ऋण असुली** | | | | |
| | **४.४ असुल गर्न वांकी ऋण** | | | | |
| | **४.४.१ भाखा ननाघेको** | | | | |
| | घरजग्गा खरिद | | | | |
| | ब्यापार/ब्यावसाय | | | | |
| | हायरपर्चेज | | | | |
| | कृषि/उद्योग | | | | |
| | **४.४.२ एक वर्षसम्म भाखा नाघेको** | | | | |
| | घरजग्गा खरिद | | | | |
| | ब्यवसाय | | | | |
| | हायरपर्चेज | | | | |
| | कृषि/उद्योग | | | | |
| | **४.४.३ एक वर्ष भन्दा वढी भाखा नाघेको** | | | | |
| | घरजग्गा खरिद | | | | |
| | ब्यवसाय | | | | |
| | हायरपर्चेज | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कृषि/उद्योग | | | | |
| ५ | असुल गर्न वाँकी ब्याज | | | | |
| ६ | स्थिर सम्पत्ति | | | | |
| | ६.१ घरजग्गा | | | | |
| | ६.२ फर्निचर | | | | |
| | ६.३ सवारी | | | | |
| | ६.४ अन्य | | | | |
| ७ | अन्य सम्पत्ति | | | | |
| | **कुल सम्पती** | | | | |
| १ | **आम्दानी :** | | | | |
| | १.१ कर्जाबाट ब्याज आम्दानी | | | | |
| | १.२ अन्य आम्दानी | | | | |
| २ | **खर्च** | | | | |
| | २.१ बचतमा ब्याज खर्च | | | | |
| | २.२ कर्जाको लागि जोखिम व्यवस्था | | | | |
| | २.२.१ भाखा ननाघेको | | | | |
| | २.२.२ एक वर्षससम्म भाखा नाघेको | | | | |
| | २.२.३ एक वर्ष भन्दा वढी भाखा नाघेको | | | | |
| | २.३ अन्य संचालन खर्च | | | | |
| | २.४ खराव ऋण अपलेखन | | | | |
| | २.५ कर्मचारी खर्च | | | | |
| ३ | **खूद नाफा/नोक्सान** | | | | |
| १ | बचत गर्ने सदस्य संख्या : | | | | |
| | १.१ ब्यक्तिगत सदस्य | | | | |
| | १.२ संस्थागत सदस्य | | | | |
| २ | बचत ब्याज दर : | | | | |
| | २.१ न्यूनतम | | | | |
| | २.२ अधिकतम | | | | |
| ३ | सदस्य संख्या | | | | |
| | ३.१ पुरुष : | | | | |
| | ३.२ महिला : | | | | |
| | ३.३ जम्मा : | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ऋण असुली | | | | |
| | ४.१ भाखा ननाघेको | | | | |
| | ४.२ भाखा नाघेको | | | | |
| ५ | लगानीमा रहिरहेको | | | | |
| | ५.१ घर जग्गा | | | | |
| | ५.२ ब्यापार ब्यावसाय | | | | |
| | ५.३ हायरपर्चेज | | | | |
| | ५.४ कृषि उद्योग | | | | |
| | ५.५ अन्य | | | | |
| ६ | कर्मचारी संख्या | | | | |
| | ६.१ पुरुष : | | | | |
| | ६.२ महिला : | | | | |
| | ६.३ विभाग : | | | | |
| | ६.४ जम्मा : | | | | |

हस्ताक्षर .............

कार्यकारी प्रमुख/अध्यक्षको नाम

अनुसूची - ८

(दफा ६० संग सम्बन्धित)

# अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा प्रतिपादित सिद्धान्त र मुल्य

**सिद्धान्तहरु**

१. **पहिलो सिद्धान्त :** स्वेच्छिक तथा खुला सदस्यता - सहकारीहरु लैंगिक, सामाजिक, जातिय, राजनैतिक र धार्मिक भेदभाव रहित, सदस्यको जिम्मेवारी स्वीकार गर्ने तथा सेवा उपयोग गर्न सक्षम सबै व्यक्तिहरुका लागि खुला पहुँच भएका स्वेच्छिक संगठनहरु हुन् ।

२. **दोश्रो सिद्धान्त :** सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण - सहकारीहरु तिनका सदस्यहरुद्वारा प्रजातान्त्रिक बिधिबाट नियन्त्रित संगठनहरु हुन् । सदस्यहरु सहकारीको नीति तर्जूमा एवं निर्णय निर्माणमा सकृयतापूर्वक भाग लिन्छन् । संस्थाको कार्य सञ्चालनका लागि निर्वाचित पुरुष तथा महिला प्रतिनिधिहरु शेयर सदस्यहरु प्रति जवाफदेही हुन्छन् । प्रारम्भिक सहकारीहरुमा सदस्यहरुको समान मताधिकार (एक सदस्य, एक मत) रहन्छ । अरु तहका सहकारीहरु (संघहरु) पनि प्रजातान्त्रिक तवरले संगठित हुन्छन् ।

३. **तेश्रो सिद्धान्त :** सदस्यको आर्थिक सहभागिता - सदस्यहरुले आफ्नो संस्थाको पूँजिमा समतामूलक सहभागीता र क्रियाकलापमा प्रजातान्त्रिक विधिले नियन्त्रण गर्दछन् । सदस्यहरुले पूंजीमा गरेको योगदान वापत लाभांश भएमा सामान्यतः सीमित लाभ प्राप्त गर्दछन् । साधारण सभाको माध्यमद्वारा सदस्यहरुले देहायका वा कुनै वा सबै उद्देश्यहरुमा लाभांशको निश्चित अंश छुट्याउने छनः जस्तै सहकारी विकास, सदस्यहरुको सहकारीमा हुने कारोवारको अनुपातमा फाइदा लिन पाउने व्यवस्था, तथा सदस्यहरुद्वारा स्वीकृत अरु क्रियाकलापलाई टेवा दिने ।

४. **चौथो सिद्धान्त** : स्वायत्तता तथा स्वतन्त्रता - सहकारीहरु यसका सदस्यहरुद्वारा नियन्त्रित स्वायत्तः र स्वावलम्वी संगठनहरु हुन् । सहकारीले सरकार वा अन्य निकायहरुबाट बाह्य श्रोतको रुपमा पूँजी जुटाउने सम्झौता गर्छ भने सदस्यहरुद्वारा गरिने प्रजातान्त्रिक नियन्त्रणको पद्धति र आफ्नो सहकारीको स्वायत्तता सुनिश्चित हुने व्यवस्था मिलाउने छन् ।

५. **पांचौ सिद्धान्त :** शिक्षा, तालिम र सूचना - सहकारीहरुले आफ्ना सदस्यहरु, निर्वाचित प्रतिनिधिहरु एवं प्रवन्धक तथा कर्मचारीहरुलाई आफ्नोसंस्थामा प्रभावकारी रुपले योगदान दिनसक्ने तुल्याउन शिक्षा र तालिम प्रदान गर्नेछन् । सहकारीहरुले सर्वसाधारण खास गरी युवाहरु र बौद्धिक व्यक्तित्वहरुलाई सहकारीको बिषयमा र सहकारीताको फाइदाका बारेमा जानकारी गराउने छन् ।

६. **छैठौं सिद्धान्त** : सहकारीहरु वीच सहयोग - सहकारीहरुले आफ्ना सदस्यहरुलाई अत्यन्त प्रभावकारी रुपमा सेवा पुऱ्याउनेछन् र सहकारी अभियानलाई स्थानिय, प्रदेश, क्षेत्रीय र अन्तरप्रदेश संगठनहरुसंग आबद्ध गरी सहकारी अभियानलाई सुदृढ बनाउने छन् ।

७. **सातौं सिद्धान्त :** समुदाय प्रति चासो - सहकारीहरुले सदस्यहरुको आवश्यकताहरु र आकांक्षाहरुप्रति केन्द्रित हुंदै सदस्यहरुको समुदायको दीगो विकासका लागि कार्य गर्दछन् ।

**मुल्य**

**आधार मुल्यहरु**

१. **आत्मसहयोग/स्वावलम्वन** : प्रत्येक सहकारी संस्थाहरु आफ्नो काम आफैले गर्नु पर्दछ, अरुमाथि भर परेर आफ्नो उन्नति हुदैन । परमूखी सोचमा संस्था स्थापना गर्नु हुदैन भन्ने विस्वास गर्दछन् ।

२. **स्वः उत्तरदायित्व** : आफ्नो उन्नतिको जिम्वेवारी वहन आफैले गर्नु पर्दछ । सहकारी संस्थाहरुको गठन र नियन्त्रण सदस्यहरुद्वारा हुने र सम्पूर्ण क्रियाकलापहरुको जिम्मा पनि सदस्यहरुद्वारा नै लिईने हुँदा यसमा स्वः उत्तरदायित्वको भावना हुन्छ ।

३. **प्रजातन्त्र** : सदस्यहरुको सहभागितात्मक प्रजातान्त्रिक विधिद्वारा संगठनको क्रियाकलापहरु सुव्यवस्थित गर्ने उत्तम तरीका हो । सहकारी संस्था स्वयंका लागि सदस्यहरुद्वारा नै स्थापना गरिने भएकाले संस्थामा सदस्यहरुको सकृय सहभागिता, समान हक र समान दायित्व हुन्छ । एक व्यक्ति एक मतको सिद्दान्तमा आधारित रहेर निर्वाचन गरिन्छ ।

४. **समानता** : सदस्यहरु वीच भेदभाव रहित व्यवहार हुनु पर्दछ । राजनीतिक, धार्मिक, वर्ण, जाती, रंग आदिका आधारमा कसैलाई पनि भेदभाव गर्नु हुदैन ।

५. **समन्याय** : आर्थिक प्रतिफलको न्यायोचित वितरण, एउटा सदस्यलाई मर्का पारेर अर्को सदस्यले फाईदा नलिनु, शोषण विहिन आर्थिक सम्वन्ध कायम हुनु पर्दछ ।

६. **ऐक्यवद्धता** : एकतामा विश्वास गर्ने निश्चित उद्देश्य प्राप्तिका लागि आपसमा मिलिजुली काम गर्नु पर्दछ । समान आकांक्षा राख्नेहरुको एकीकृत प्रयासवाट नै आकांक्षा साकार हुन्छ ।

**नैतिक मुल्यहरु**

७. **इमान्दारिता** : सहकारीको सवै भन्दा महत्वपूर्ण नैतिक मूल्य ईमान्दारीता हो । यसमा भए गरेका क्रियाकलापहरु पारदर्शि राख्ने, छलकपट नगर्ने नीति, नियम कानून सिद्धान्त आदिको अनिवार्य पालना गरिएको हुनु पर्दछ ।

८. **खुलापन** : सहकारीको सदस्यता नीति नियमको परिधि भित्र रहेर मात्र खुला रहन्छ र सदस्यता त्याग गर्ने स्वतन्त्रता रहेको हुन्छ । खुलापनको मुल्य वस्तु स्वतन्त्रताको मुल्य हो ।

९. **सामाजिक उत्तरदायित्व** : सहकारी संस्था समाजका सदस्यहरुवाट समाजमा नै स्थापना गरिने हुँदा यो समाजको अभिन्न अंगको रुपमा रहेका हुन्छन् तसर्थ यिनीहरुले सामाजिक उत्तरदायित्व वहन गर्नु पर्दछ, जिम्वेवारीको पूर्ण पालना गर्नुपर्दछ अन्यथा संस्था समाजमा ग्राह्य हुन सक्दैन ।

१०. **अरुको हेरचाह** : संस्थाले आफ्ना सदस्यहरुको अतिरिक्त अन्य सदस्य तथा समुदायको पनि विचार गरी संभव उपायद्वारा हित प्रवर्द्धन गर्नु पर्दछ ।